Jana Aakash National Weekly
www.janaakash.com

# जन आकाश

Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १८, अंक- २४, २०८२ साल पुस २९ गते मंगलबार (January 13, 2026) www.janaakash.com.np

जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित
www .janaakash .com .np

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइल: ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com


# नयाँ शक्तिहरूको फुटले निर्वाचनमा असर गर्ने ?

■ मोहन कार्की

नेपालमा राजनीतिक परिवर्तनको लागि भनेर खोलिएका नयाँ राजनीतिक पार्टीहरु एक हुन नसक्दा आउदो फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनमा यसले असर गर्ने देखिएको छ ।

केही दिन अगाडी मात्र कुलमान नेतृत्वको उज्यालो नेपाल पार्टी र अर्को राष्ट्रिय स्वतन्त्र पार्टी बीच निर्वाचनमा सँगसँगै जाने र पार्टीको नाम पनि एकै राखेर चुनाव चिन्ह पनि एकै राखेर जाने सहमती भएको थियो ।

त्यसको १२ दिन पुग्न नपाउदै रास्वपावाट उज्यालो नेपाल पार्टीले आफु अलग भएको घोषण गरेको छ । उज्यालो नेपाल पार्टीले पौष २६ गते पत्रकार सम्मलेन गरी आउदो निर्वाचनमा एक्लै भाग लिने जानकारी दिएको छ ।




कुलमान घिसिङ नेपाल विद्युत प्राधिकरणमा प्रमुख कार्यकारी अधिकृतको पदीय जिम्मेवारीमा आएपछि त्यतिवेलाको विद्युत उत्पादन कम भएको समयमा केही सुधारका कामहरु गरेर एकाएक चर्चामा आएका थिए । त्यसपछि अर्को कार्यकालको लागि मुद्दा परेपनि उनको पक्षमा भएको थिएन । त्यसपछि अर्कोपटक सरकार परिवर्तन सँगै पुनः विद्युत प्राधिकरणमा प्रमुख कार्यकारीको रुपमा जिम्मेवारी संगाल्न आईपुगेका थिए । उनको कार्यकाल ३ महिनाको बाँकी थियो । त्यही वेलामा सरकार परिवर्तन भयो र कुलमानलाई हटाउने काम भयो त्यसपछि जनताको ठुलो साथ पाएका कुलमान घिसिङलाई जेन्जी आन्दोलन पछि तीनवटा राम्रा मन्त्रालय संगाल्ने अवसर आयो तीनवटा मन्त्रालय संगाली रहेकै वेलामा अनुप उपाध्यायलाई अध्यक्ष राखेर कुलमानको प्रत्यक्ष सहयोगमा उज्यालो नेपाल पार्टी खोलेर अगाडी बढीरहेका थिए । यही समयमा रास्वपाका केन्द्रीय सभापति पनि कारगारवाट रिहा भए त्यसपछि दुईपार्टी एक भई जाने सहमतीहरु भए तर त्यो सहमती १२ दिन नपुग्दै सकिएको छ ।

यसरी नयाँ भनिएका शक्तिहरु छुट्टाछुट्टै निर्वाचनमा जादा फागुनमा हुने प्रतिनिधिसभाको निर्वाचनमा जितको लागि नजिक नजिक पुगेका दुवैं पार्टीहरुले हारको नमिठो लज्जा ब्याहोर्नेछन् ।

सरकार बनाउन पनि त्यतिकै अफठ्यारो पर्ने छ । किनकी स्पष्ट बहुमत कसैको आउने देखिदैन । यतिवेलाको फुटको तुष त्यतिवेलासम्म रहने हुदा असर पर्न सक्ने देखिन्छ। नेपाली जनताहरुले चै सवैनयाँशक्तिहरुलाईमिल्नुकोबिकल्प नरहेको » बाकी ६ पृष्ठमा

## पूर्वराजा ज्ञानेन्द्रको चिन्ता
### देश नै नबच्ने हो कि भन्ने निराशा बढ्यो



काठमाडौं- पूर्वराजा ज्ञानेन्द्र शाहले आफू नारायणहिटी दरबारबाट बाहिरिएपछि देशले सामना गर्नंपरेको संकटले चिन्तित तुल्याएको टिप्पणी गरेका छन् ।

राष्ट्रिय एकता दिवसको पूर्वसन्ध्यामा एक भिडियो सन्देश जारी गर्दै उनले यस्तो टिप्पणी गरेका हुन् । उनले हिजो देश नबनेकोमा चिन्ता रहेको र अहिले देश नै नरहने हुने हो कि भन्ने निराशा पैदा भएको पनि बताएका छन् ।

'नारायणहिटी राजदरबाट हामी बाहिरिएको करिब २ दशक बित्दा पनि देशले सामना गर्नंपरेको संकटले हामीलाई चिन्तित तुलाएको छ। हिजो देश नबनेकोमा चिन्ता थियो, आज देश नै नबच्ने हो कि भन्ने निराशा पैदा भएको छ,' पूर्वराजा शाहले भनेका » बाकी ६ पृष्ठमा

## प्रधानमन्त्रीसँग मधेशका प्रदेश प्रमुखको शिष्टाचार भेटवार्ता

काठमाडौं । प्रधानमन्त्री सुशीला कार्कीसँग मधेश प्रदेश प्रदेश प्रमुख सुरेन्द्र लाभले शिष्टाचार भेट गरेकी छिन् । प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा विविध समसामयिक विषयमा कुराकानी भएको छ ।

त्यसक्रममा प्रधानमन्त्री कार्कीले प्रदेश प्रमुख लाभलाई प्रदेशको राजनीतिक समस्या समाधानका क्रममा अभिभावकका रुपमा प्रभावकारी भूमिका खेल्न सफल भएको भन्दै प्रशंसा गरिन् । साथै पछिल्ला दिनमा मधेशमा देखिएको सामाजिक समस्या समाधानमा पनि यस्तै भूमिका खेल्न आग्रह पनि गरिन् ।

'मधेश प्रदेशमा देखिएको राजनीतिक समस्या समाधानका लागि » बाकी ६ पृष्ठमा

## जेनजी अगुवाहरूलाई हर्क साम्पाङले भने- माटो चिह्नमा लड्नुस्, हामी उम्मेदवार बनाउँछौं

काठमाडौं । धरान उपमहानगरपालिकाका मेयर एवं श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङसँग जेनजी अगुवाहरूले आगामी चुनाव केन्द्रित छलफल गरेका छन् । काउन्सिल अफ जेनजीका कोशी प्रदेश संयोजक उपार्जन चाम्लिङ सहित १४ जिल्लाका अगुवाहरूले साम्पाङलाई भेटेका थिए ।




भेटका क्रममा जेनजीसँग सरकारले गरेको १० बुँदे सहमतिबारे साम्पाङको धारणा सोधिएको थियो। 'सरकारसँग भएको सहमतिलाई तपाईंको घोषणापत्रले कसरी समेट्छ ? यदि समेट्छ भने हाम्रो समर्थन तपाईंलाई हुन सक्छ भन्ने कुरा राखेका थियौं,' चाम्लिङले भने ।

श्रम संस्कृति पार्टी गठन गरेर चुनावमा होमिएका साम्पाङले भने आफूले देशकै मुद्दा बोकिरहेको जवाफ दिएका थिए । » बाकी ६ पृष्ठमा

## कुलमानसँग एकता भाँडिएपछि रविले गरे पार्टीमा 'ब्रिफिङ'



काठमाडौं । रास्वपा सभापति रवि लामिछानेले उज्यालो नेपाल पार्टीसँग भाँडिएको एकता प्रक्रियाबारे पार्टी बैठकमा ब्रिफिङ गरेका छन् ।

केहीबेरदेखि रास्वपाको आकस्मिक सचिवालय बैठक जारी छ । भर्चुअल माध्यमबाट भएको बैठकको सुरुमै सभापति रवि लामिछानेले कुलमान पक्षले ल्याएका पछिल्ला मागहरूबारे ब्रिफिङ गरेका थिए । बैठक स्रोतका अनुसार, सचिवालयले उज्यालो नेपाल पार्टीसँग गरेको सहमति अनुमोदन नगर्ने निर्णय पनि भएको छ । उक्त निर्णयमा वरिष्ठ नेता बालेन शाह पनि सहमत रहेको स्रोतले बतायो । 'हरेक दिन नयाँ नयाँ » बाकी ६ पृष्ठमा


## आशिका तामाङले घोषणा गरिन् स्वतन्त्र उम्मेदवारी

काठमाडौं । सामाजिक अभियन्ता आशिका तामाङले आगामी प्रतिनिधिसभा निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेकी छन् ।

सामाजिक सञ्जाल फेसबुकमा लेख्दै तामाङले २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनमा काठमाडौं क्षेत्र नम्बर २ वा ९ बाट स्वतन्त्र उम्मेदवारी दिने घोषणा गरेकी छन् ।

आफूले पछिल्लो केही हप्तादेखि सक्रिय राजनीतिमा प्रवेश गर्नेबारे गम्भीर छलफल र आत्ममन्थन गरेको उल्लेख गर्दै तामाङले दलगत राजनीतिभन्दा माथि उठेर स्वतन्त्र धारमा अघि बढ्ने निर्णयमा पुगेको बताएकी छन् ।

उनले भनेकी छन्, 'म कुनै पनि राजनीतिक दलमा आवद्ध नहुने निर्णयका साथ आगामी हुने संसद् निर्वाचनमा » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २४,
२०८२ साल पुस २९ गते मंगलबार
13 JANURY 2026, TUESDAY

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय

### ३०४ औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको महत्व ।

नेपालका एकीकरणका नायक तथा राष्ट्रिय एकता कायम गराउने महान स्वर्गीय पृथ्वीनारायण शाहको ३०४ औं जन्म जयन्ती यहि पौष २७ गते भव्य रुपमा मनाईएको छ ।

नेपालका राष्ट्रपति रामचन्द्र पौडेल, प्रधानमन्त्री सुशिला कार्की, लगायत सरकारी निकायका पदाधिकारीहरू, बिभिन्न राजनीतिक दलका प्रमुखहरू लगायत नेपालको अखण्डता चाहने शक्तिहरू सिहदरवार अगाडी रहेको पृथ्वीनारायण शाहको सालिकमा माल्यापर्ण, फूलगुच्छा चढाई मनाइएको छ । नेपाल सरकारले यसै अवसरमा सार्वजनिक विदा समेत दिएको छ ।

नेपाललाई वाईसे,चौविसे राज्यहरूलाई एकीकरण गरेर विशाल नेपाल बनाई शक्तिशाली नेपाल बनाउन भूमिका खेलेका थिए । गोरखा राज्यका राजा रहेका पृथ्वीनारायण शाहले राज्य रजौटाहरूलाई कतिपय समझदारीमा कतिपय यो अभियान नमान्दा युद्ध लडेर समेत जित्दै एकीकरण गरी नेपाल राष्ट्रको स्थापना गरेका थिए ।

नेपालका राष्ट्रपिताको नामले समेत उच्चारण गर्दै आएको नेपाली समाजले पृथ्वी नारायण शाहका दिव्य उपदेशवाट धेरै कुराहरू नेपालीहरूले सिक्नुपर्ने थियो । छ । तर नेपालमा यतिवेला राष्ट्रिय भाइचारामा समस्या आएको छ । नेतृत्व विहिन देश जस्तो भएको छ ।

स्वदेशी उद्योगहरू बन्द छन् । नेपाल परनिर्भर देशको रूपमा परिचित बनेको छ । यहि वेलामा पृथ्वीनारायण शाहले नेपालमा जसले सीप जानेको छ अरूलाई पनि सिकाउनु आफ्नै देशको लुगा लगाउनु अन्न फल्ने ठाउँमा घर नबनाउनु जस्ता महत्वपूर्ण उपदेशहरू दिव्य उपदेशमा उल्लेख भएको पाईन्छ । जहिलेपनि ठूला छिमेकी राष्ट्रहरूसँग विशेष गरेर चीन र भारतसँग कुटनैतिक सम्बन्ध राम्रो बनाएर राख्नु कहिल्यै जाई नलाग्नु आईलागेका झिकी कटक गर्नु जस्ता महत्वपूर्ण वाणी, दर्शनहरू छोडेर गएका छन् ।

यो महत्वपूर्ण दर्शन विचार र साहासी अभियानले नेपालीहरूको उच्च मनोवलमा कहिल्यै निरासा छाउन दिने छैन । केही समयमा ढलपल भएको नेपाली राजनीतिले नेपालीहरूलाई अल्मलाई रहेको छ । यस्तो वेला राष्ट्रिय एकताका प्रतिक पृथ्वीनारायण शाहको चतुर्‍याईवाट पनि नेपालीहरूले शिक्षा सिकेर देशलाई निकास दिन सक्नुपर्छ ।

# युवाहरूको आन्दोलन र नेपाली राजनीति



श्यामप्रसाद मैनाली

लामो समयदेखिको राजनीतिक इतिहास अध्ययन गर्दा नेपालको राजनीति सधैं अस्थिरताबाट गुज्रिएको छ । नेपालको राजनीतिमा भूराजनीतिको प्रभाव आन्तरिक प्रभावभन्दा अत्यन्त ज्यादा देखिँदै गएको छ । कुनै पनि राजनीतिक आन्दोलनहरुका पछाडि ठूलो अन्तर ष्ट्रिय शक्तिको भूमिका रहेको देखिन्छ । राजनीति आफैंमा गतिशील हुन्छ । जनताको इच्छा र आकांक्षाका आधारमा कुनै पनि देशको राजनीति परिचालित हुनुपर्दछ ।

जनताबाट विमुख हुँदै सञ्चालन गरिएको राजनीतिले दिगोपना प्राप्त गर्न सक्दैन । जनताका आवश्यकता र चाहनालाई शिरोपर गरेर अघि बढ्ने राजनीतिले नै दिगोपना कायम गर्न सकेको छ । शासन शैली निरंकुश हुँदा राजनीतिक पद्धति जतिसुकै सबल, सक्षम र लोकतान्त्रिक भए पनि जनताले धाराशायी बनाइदिएका उदाहरणहरू विभिन्न देशहरुमा देखिएका छन् । स्वभावतः नेपाल पनि यसबाट अछुतो रहेको छैन ।

विभिन्न देशमा आएको राजनीतिक परिवर्तनको प्रत्यक्ष प्रभाव अन्य देशहरूमा पनि पर्न सक्छ । त्यसैले राजनीति अत्यन्त संवेदनशील हुन्छ । सधैं जनतालाई सन्तुष्ट राखी अन्तर्राष्ट्रिय सम्बन्धलाई सन्तुलनमा राख्न सक्ने सरकार र शासकहरू मात्र सफल हुन सक्छन् । यही सामान्य कसीमा अमुक देशका शासकहरूको शासन अवधिको निरन्तरताको बारेमा अनुमान गर्न थालियो भने त्यस्ता अनुमानहरू सत्यको नजिक पुग्नेछन् ।

नेपालमा यही वर्ष जेन्जी युवाहरूले गरेको आन्दोलनको सफलताले पनि यही आत्मसात् गरेको देखिन्छ । यो आलेख विश्वमा यस्ता युवाहरूको आन्दोलनबाट भएका राजनीतिक र सत्ता परिवर्तन, विश्व राजनीतिमा यिनीहरुले पारेको प्रभाव र यी युवाहरूको अमुक देशको राजनीतिमा कस्तो किसिमको प्रभाव पर्दै गएको देखिन्छ ? यही विषयमा केन्द्रित भएर तयार पारेको छु । विभिन्न देशहरूमा युवाहरूको नेतृत्वमा भएको आन्दोलनले कसरी सफलता प्राप्त गरेको छ ? सरकार गठन नयाँ संविधान लेखनजस्ता सन्दर्भमा के-कस्ता भूमिका आन्दोलनकारी शक्तिहरूले खेल्न पुगेका छन् ? ती विषयमा उल्लेख गर्ने प्रयाससमेत गरिएको छ ।

अन्तर्राष्ट्रिय उदाहरणहरु :

शासन सत्तासँग व्यापक असन्तुष्टि व्यक्त गर्दै विभिन्न देशमा युवाहरुले राजनीतिक आन्दोलन छेडेर सफलता प्राप्त गरेका छन् । यी सफलताहरु प्राप्त गर्नेहरूमा नेतृत्वविहीन आन्दोलनहरु पनि रहेका छन् । नेतृत्वसहितको युवा आन्दोलनले राजनीतिको भविष्य निर्देश गर्न सक्छ । तर नेतृत्वविहीन आन्दोलनबाट भएका धेरैवटा आन्दोलनहरु सफल भएका छन् । शासन सत्तालाई ठूलो दबाब पनि सिर्जना भएको छ । तर दूरगामी सोचविनाको विभिन्न प्रकारका मागहरू राखी गरिएको यस्ता आन्दोलनहरुले राजनीतिक अन्योलता वृद्धि गरेको देखिन्छ ।

केही देशहरुमा यस्ता आन्दोलनहरु कसरी उठान भए ? मागहरु के-के थिए ? ती मागहरू पूरा गर्न आन्दोलनकारीहरु सफल भए कि भएनन् ? यी विषयमा विश्लेषण गर्नु सान्दर्भिक हुनेछ ।भारतमा २०११ देखि ०१३ सम्म भ्रष्टाचारविरोधी आन्दोलन प्रारम्भ भयो । अन्ना हजारे आन्दोलनले जनतामा प्रभाव पार्न सफल बन्यो । राजनीतिक चेतना जागृत गरायो ।

कांग्रेस आईजस्तो पुरानो र स्थापित राजनीतिक दललाई त्यस दलको शहरी क्षेत्रमा रहेको आधारलाई नै कमजोर बनाइदियो । आन्दोलनकारीहरूले नयाँ दल गठन गरे । राजधानी शहर दिल्लीमै उनीहरूको प्रभाव अत्यन्त ज्यादा देखियो । १९७३ मा थाइल्यान्डमा विद्यार्थीको आन्दोलनले पार्टी नेतृत्वलाई सत्ताबाट हटाएर नयाँ संवैधानिक व्यवस्था गर्न सफल भयो । चेकोस्लोभाकियामा सन् १९८९ मा भेलभेट रिभोलुसनले साम्यवादीहरूको नेतृत्वमा रहेको सरकारलाई सत्ताच्युत गर्न सफल भयो ।

टुनिसियामा एक व्यापारीले आत्महत्या गरेको घटनापछि विद्यार्थी, युवा र जनतासहितको आन्दोलनले राष्ट्रपति बेन अलीको पतन गरायो । धेरै देशको राजनीतिक परिवर्तनमा यो आन्दोलन प्रेरक बन्यो । पुरै शासन प्रणालीलाई नै चुनौती दिएको थियो । बंगलादेशमा युवानेताको हत्या हालै भएको छ । उनले एक वर्षपहिला तत्कालीन प्रधानमन्त्रीलाई विदेश पलायन हुन बाध्य पारेका थिए । सन् २०२४-०२५ मा तत्कालीन प्रधानमन्त्री शेख हसिना बाजेद पदमुक्त भइन् । नयाँ पार्टी जातीय नागोरिकको गठन गरे । विभेदकारी नीति र आरक्षणसम्बन्धी व्यवस्थाको असन्तुष्टिबाट आन्दोलन छेडेको थियो । पछि यसले बृहत् रुप लियो । राजनीतिमा देखिएको अपराधीकरण र विभेदलाई चुनौती दिन सफल भयो ।

सन् २०१८ देखि २४ सम्म भएको युवा र विद्यार्थीको आन्दोलनले बंगलादेशमा सैन्य शासनलाई घुँडा टेकाएको थियो । श्रीलंकामा आरागलायो नामक संघर्षले राजापाक्षेको पारिवारिक शासनको अन्त्य गरिदियो । सन् २०२२ मा देखिएको आर्थिक संकट र भ्रष्टाचारको विरुद्धमा युवाहरू सडकमा निस्किएका थिए । श्रीलंकाको राजनीतिक परिवर्तनका लागि ठूलो दबाब सिर्जना गर्न युवाहरू सफल भएका थिए । माल्दिभ्समा युवाहरूद्वारा सञ्चालित डिजिटल एक्टिभिस्टहरूको आन्दोलनले मौमून अब्दुल गयौंको ३० वर्षको शासन अन्त्य भएको थियो ।

आइसल्यान्डमा सन् २००८ देखि २०११ सम्म भएको प्यान कुकर रिभोलुसनले आर्थिक संकट सिर्जना गरिनुको साथै असन्तुष्टिलाई सडकमा छताछुल्ल बनाएको थियो । यस आन्दोलनपश्चात सरकार परिवर्तन भयो । संविधान संशोधन भयो र बैंकिङ क्षेत्रमा सुधार आएको थियो । चिल्लीमा सन् २०१९ मा भएको सामाजिक आन्दोलनले भाडावृद्धिको विरोध गरेको थियो । यस आन्दोलनको परिणामस्वरूप संविधान संशोधन प्रक्रियाको प्रारम्भ जनमत संग्रहबाट भयो । नयाँ संविधान लेख्ने कार्यका लागि मार्गप्रशस्त गर्‍यो । यी सबै आन्दोलन सफल भएका थिए । अहिलेको परिवेशमा पनि युवाहरूद्वारा सञ्चालित राजनीतिक आन्दोलनहरू प्रायः सफल भएका छन् । आन्दोलन सफल हुन युवाहरूको दबाब विश्वपरिवेशमा अत्यन्त प्रभावकारी देखिएको छ ।

नेपाली सन्दर्भ :

विभिन्न कालखण्डहरूमा नेपालमा भएका राजनीतिक विद्रोह र आन्दोलनमा युवाहरूका क्रियाशीलता अत्यन्त महत्वपूर्ण देखिएका छन् । २००६ सालमा प्रजातन्त्रको पक्षमा युवाहरूको योगदानको स्मरण गर्नु जरुरी हुन्छ । राणाहरूको तानाशाही शासन अन्त्य गर्न युवाहरुले आफैंलाई बलिवेदीमा चढाएर सम्मानित शहीदको कोटीमा दर्ज गराएका स्वर्णिम राजनीतिक इतिहास नेपालमा अध्ययन गर्न पाइन्छ । यसमा विद्यार्थी र युवाहरूको अतुलनीय योगदान रहेको थियो । २०४६ सालमा निर्दलीय तानाशाही पञ्चायती व्यवस्थाको विरुद्ध भएको आन्दोलनमा नेपालका विद्यार्थी र युवाहरूको सक्रिय सहभागिता थियो । २०६२-०६३ मा युवा विद्यार्थी र नागरिक समाजको क्रियाशीलताबाट देशमा संघीय शासन प्रणाली, गणतन्त्र र धर्म निरपेक्षता स्थापित गर्न देश सफल बनेको छ ।

यसै वर्ष नेपालका जेन्जी युवाहरूले अल्पवधिमा सरकार परिवर्तन हुनेसम्मको दबाब सिर्जना गरेको योगदानलाई सम्पूर्ण नेपालीले सम्मान गरेका छन् । यस वर्षको युवाहरूको आन्दोलनलाई यसअघिका राजनीतिक आन्दोलनहरूमा तुलना गर्दा पृथक दृष्टिकोणले हेर्नुपर्ने हुन्छ, किनकि यसअघिका आन्दोलनहरू युवाहरू स्वतस्फुर्त हिसाबले आन्दोलित बनेका थिए तर आन्दोलनको नेतृत्व राजनीतिक व्यक्तित्वहरूले लिएका थिए । यस वर्षको युवाहरूको क्रियाशीलताले आफ्नो गन्तव्य निर्धारण गर्न हालका दिनसम्म पनि सकेको छैन । उनीहरुले देशमा सुशासन कायम हुनुपर्ने, भ्रष्टाचार नियन्त्रण हुनुपर्ने, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्ने आदि मागहरू राखेर आन्दोलित बनेका हुन् । यसमा पनि युवाहरुलाई सडकमा स्वतस्फुर्त हिसाबले उपस्थित गराउने अवस्था सामाजिक सञ्जालमाथिको प्रतिबन्धले गराएको थियो । यो तत्कालीन ओली सरकारको सुझबुझको कमीको परिणाम थियो । किनकि सामाजिक सञ्जाल विशेष गरी युवाहरूको लागि जीवनरेखा नै बनिसकेको थियो । शासन सत्तासँग व्यापक असन्तुष्टि बढिराखेको परिस्थितिमा भित्रभित्रै युवाहरू सामाजिक सञ्जालमार्फत सरकारको विरुद्ध आन्दोलित बनिराखेका थिए । यसको सूचना सरकारलाई हुने नै भयो । यही अवस्थामा युवाहरूको ऊर्जालाई बिल्कुल महत्व नदिई ओली सरकारले सामाजिक सञ्जालहरूमाथि प्रतिबन्ध लगाउनु नै कलाविनाको नाटक त्यस बखतका शासकहरुले सञ्चालन गरेका हुन् । यसको परिणाम के-कस्तो देखियो ? सबैलाई जगजाहेरै छ ।

युवाहरूको यस वर्षको आन्दोलनले सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा गर्नुबाहेक अन्य विषयमा खासै प्रगति भएको देखिएन । उनीहरुका मागहरु अनुपयुक्त भएको सरकारमा बस्नेहरूदेखि कसैले पनि भन्न सक्ने अवस्था छैन । मागहरु पूरा पनि भएका छैनन् । ओली सरकारलाई विस्थापित गरेर सुशीलालाई प्रधानमन्त्रीको कुर्सीमा विराजमान गराउन मात्र यो आन्दोलन भएको किमार्थ थिएन । आन्दोलनको उद्देश्य पूरा गराउने सन्दर्भमा धेरै किसिमका कठिनाइ देखिएका छन् । युवाहरू सहजै सडकमा निस्किएर दबाब दिन्छन्, सरकार ढाल्छन्, तर उनीहरूको संगठन सञ्जाल प्रायः देखिँदैन । संगठन सञ्जालको विस्तार गर्ने सन्दर्भ उनीहरूको प्राथमिकतामा परेको देखिँदैन । नेतृत्वविहीन आन्दोलन उठान गर्नेहरुले भदौ २४ गतेकै दिन घुसपैठ भयो, हाम्रा आन्दोलन फिर्ता लियौं भन्ने घोषणा गरेका थिए । यो आन्दोलनको नेतृत्वदायी भूमिकामा रहेका को-को हुन् ? भन्ने नै निश्चित छैन । जेन्जी आन्दोलन अपहरण भएको आक्षेपसम्म लगाइराखेका छन् ।

एक समूहले अर्को समूहमा हिलो छ्याप्ने काम सतहमा आएको छ । यस स्थितिमा गन्तव्य निर्धारण गर्न कठिनाइ हुने नै भयो । आपसमा एकताको प्रदर्शन गर्नु जरुरी थियो, तर सरकारमा कसलाई पठाउने ? भन्ने सन्दर्भमा नै यी युवाहरूको बीचमा जुँगाको लडाइँ देखियो । जेन्जीहरुले विधिवत् एउटै दल खोलेर सदस्यता व्यापकरुपमा वितरण गरी राष्ट्रव्यापी सञ्जाल खडा गर्ने सन्दर्भलाई प्राथमिकताको रुपमा राखी काम गर्नुपर्दथ्यो । यसमा उनीहरूको ध्यान गएको छैन । सरकारी शैली र सरकारलाई अस्वीकार गर्ने एजेन्डा स्पष्ट छ । तर यसमा विकल्पहरु के-के दिने हो ?

कसरी गन्तव्य निर्धारण गर्ने हो ? जेन्जीहरू नै अलमलमा छन् । तीव्रता र अल्पकालीन आन्दोलनको सफलता त देखियो, तर यो आन्दोलन नेतृत्वविहीन भएकै कारण गन्तव्य चुम्न सकेन । स्वतन्त्र पहिचानको निरन्तरता युवाहरूले कहिलेसम्म दिने हुन् ? यतिकै आधारमा देशमा सुशासन कायम गर्न सकिएला र ? यसका बारेमा चिन्तन देखिएन । देशमा सुशासन ल्याउनका लागि भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्नुपर्छ ।

सामाजिक र आर्थिक असमानताको न्यूनीकरण जरुरी हुन्छ । रोजगारीका अवसर प्रदान गर्न सक्नुपर्दछ । आर्थिक संकटको समाधानको दिशामा मुलुक अघि बढ्नुपर्दछ । भ्रष्टाचार नियन्त्रणका विषयमा आयोग गठन गरेर छानबिनसम्म पनि वर्तमान सरकारबाट गराउन आन्दोलनकारी युवाहरूले सकेका छैनन् । आन्दोलनको जगमा सरकार खडा भएकोमा सन्देह छैन । जेन्जी युवाहरूका कार्यशैली र प्रस्तुतीकरणबाट सरकार प्रमुख आफैं आजित भएका अभिव्यक्तिहरु आउन थालेका छन् । पुराना दलहरूमा सामान्यरूपमा पनि परिवर्तनको संकेत देखिएन । उही नारा, साबिककै गठबन्धन, उही अस्वीकार्य अनुहार युवाहरूले हेरिराखेका छन् । परिवर्तनको थोरै पनि संकेत यी पुराना दलहरुले देखाउन सकेका छैनन् ।

यी समस्याबाट उन्मुक्ति पाई आफ्ना माग पूरा गर्नेतर्फ राज्यको ध्यान आकृष्ट गराउन युवाहरू लाग्नुपर्ने अवस्था टड्कारो छ । युवाहरूको स्पष्ट एजेन्डा हुनुपर्‍यो । आफ्ना एजेन्डाहरूमा युवाहरूकै बीच पृथक प्रकारका धारणा अभिव्यक्त हुनुभएन । नीति र कार्ययोजनाका खाका राखेर युवाहरू राजनीतिक दल दर्ता गरी निर्वाचनलाई नै उपयोग गर्दै जनताका लागि काम गर्ने प्रतिबद्धता व्यक्त गर्नु जरुरी छ । युवाहरूमा जोश, जाँगर र ऊर्जा प्रशस्त छ। तर शासन गर्ने कलाको कमजोरी स्वभावतः हुने नै भयो । श्रीलंकामा 'गो ब्याक राजापाक्ष' एकल एजेन्डा लिएर युवाहरू सडकमा आएका थिए । सफल भए । हाम्रा युवाहरुले धेरैवटा तर राम्रा एजेन्डाहरु तय गरे तर मुख्य एजेन्डाहरु अलपत्र पारे । युवाहरू आवश्यकताभन्दा बढ्ता डिजिटल प्रभावमा विश्वस्त हुन पुगे । भौतिक उपस्थिति उल्लेख्यरुपमा जनतासमक्ष हुन सकेन । युवाहरू सडकमै व्यस्त रहिरहँदा पुराना दलहरू आफ्ना स्थापित सञ्जालमार्फत संगठित हुँदै गएका छन् । उनीहरुले आफ्नो स्रोत, साधन र सांगठनिक सञ्जालका माध्यमबाट युवाहरुलाई असहज अवस्थामा धकेलिराखेका छन् ।

# जेलब्रेकर उमा भुजेल गोरखा-२ बाट उम्मेदवार सिफारिस

गोरखा- 'गोरखा जेल ब्रेकर' की कमाण्डर उमा भुजेलको नाम आसन्न प्रतिनिधिसभा निर्वाचनमा गोरखा २ बाट सिफारिस भएको छ । विप्लव नेतृत्वको नेकपा माओवादी पार्टीले उनलाई उम्मेदवारका लागि सिफारिस गरेको हो । आइतबार बसेको पार्टी जिल्ला कमिटी बैठकले भुजेलसहित काजी गुरुङ र टेक प्रधानको नाम सिफारिस गरेर केन्द्रमा पठाएको छ ।




सशस्त्र द्वन्द्वको समयमा २०५६ साल कात्तिक १३ गते गोरखाकै तान्द्राङबाट प्रहरीले भुजेललाई पक्राउ गरेको थियो । २०५७ साल चैत्र १७ गते जेल ब्रेक गरेर उनीसहितको समूह भाग्न सफल भएको थियो ।

संगठनकै काममा गएको बेला प्रहरीको घेराबन्दीमा परेकी उनलाई चार दिन गोरखा हिरासतमा राखेर रातारात तनहुँ लगियो ।

तीन महिनापछि उनलाई तनहुँ अदालतमा लगियो । उनलाई कालिका टायरको घटनाको विषयमा बयान दिन लगाइएको थियो । कालिका टायरमा रहेको प्रहरीको सामान तत्कालीन नेकपा माओवादीले कब्जा गरेको थियो । सोही घटनाको वयान पश्चात अदालतले भुजेललाई तारिकमा छाड्यो । लगतै प्रहरीले पक्राउ गरेर गोरखा ल्यायो अनि हातहतियार खरखजाना मुद्दामा भुजेललाई कारागार चलान गर्‍यो ।

पक्राउ परेदेखि नै भाग्ने अनेक उनका उपाय असफल बन्दै आए । अन्तत कारागारबाट सुरुङ खनेर भाग्ने योजना बन्यो । उनकै पार्टीका कमला नहर्की, रीता थापा, एन्जिला विक, सञ्जु अर्याल र मीना मरहट्टाले उनलाई साथ दिए । उनीहरू पनि भुजेलसँगै कारागारमा थिए ।

१०० औँ माओ दिवस मनाएर दिउँसो तीन बजेबाट सुरुङ खन्ने कामको सुरुवात गरे । खन्दै गरेको खाडल पुर्न कहिले ढाकाको तान बुन्ने भनेर बाँसले छोपे कहिले क्यारेमबोर्डले ।

कमला नहर्कीले सुरुङ खन्ने काम गर्थिन् । खनेको माटो लुकाउने जिम्मेवारी सञ्जु अर्यालको थियो । सेन्ट्री पोष्टको प्रहरी भुलाउने काम मीना र रिताले गरे । यी सबै कामको संयोजन भुजेलले गर्थिन् ।

तीन महिनामा उनीहरूले सुरुङ तयार गरे र रातको एक बजे पालैपालो बाहिर निस्किए । मकैवारीमा घिस्रिदै लुक्दै अघि बढे । आवाज सुनेपछि प्रहरीले हवाइ फायर गर्‍यो तर कैदीवन्दी भागेको प्रहरीले पत्तो पाएन ।

२२ औँ जेल ब्रेक दिवसको सन्दर्भ पारेर विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीले भुजेललाई सम्मानसमेत गरेको थियो । उनै भुजेल अहिले गोरखा २ का प्रतिनिधि सभा निर्वाचनको प्रत्यक्षतर्फ उम्मेदवारका लागि सिफारिस भएकी छन् ।

उनीसँगै जेलब्रेक गरेर भागेकी कमला नहर्की पनि नेपाली कम्युनिस्ट पार्टी माओवादीबाट समानुपातिक तर्फ सिफारिस भएकी छन् । विप्लवबाट गोरखा १ मा भने कपील भट्ट, अजीव पौडेल र विष्णु रिजालको नाम सिफारिस भएको छ ।

## रामेछाप डायरी

# रामेछापमा ऐतिहासिक तिल्केस्थानगढी पदयात्रा

रामेछाप- ३०४ औँ पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस-२०८२ का अवसरमा नेपाली सेनाको खड्गदल गणले रामेछापको ऐतिहासिक तिल्केस्थानगढी पदयात्रा कार्यक्रम सम्पन्न गरेको छ ।



खड्गदल गणको आयोजनामा भङ्गेरी चोकदेखि डुकुरसिङ डाँडा हुँदै तिल्केस्थानगढीसम्म सैनिक ब्याण्ड, बाजागाजा र टुकडीसहितको पदयात्रा सम्पन्न भएको हो । पदयात्रामा जनप्रतिनिधि, कर्मचारी, उद्योगी-व्यवसायी तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो ।

तिल्केस्थानगढीमा सम्पन्न औपचारिक कार्यक्रममा झण्डोत्तोलन तथा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको तस्वीरमा माल्यार्पण गरिएको थियो । सो अवसरमा राष्ट्र निर्माताप्रति नेपाली सेनाले सलामी अर्पण गरेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै रामेछाप नगरपालिकाका प्रमुख लबश्री न्यौपानेले पृथ्वीनारायण शाहले समाजका सबै तह र वर्गसँग सहयोग माग्दै एकीकरण अभियान अघि बढाएको उल्लेख गर्नुभयो । "५० पैसाबाट सुरु भएको अभियानमा कालु पाण्डेजस्ता वीर शहीदहरूले जीवन आहुति दिएर राष्ट्र एकीकरणलाई सफल बनाएका थिए," नगरप्रमुख न्यौपानेले भन्नभयो । एकीकरण प्रक्रियामा सर्वसाधारणले सुका-आठ आना पैसासमेत चन्दा उठाएर सहयोग गरेको तथ्य राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेको उहाँले बताउनुभयो ।

तिल्केस्थानगढी नेपाल-अङ्ग्रेज युद्धका सन्दर्भमा निर्मित महत्वपूर्ण किल्ला रहेको उल्लेख गर्दै न्यौपानेले सिन्धुलीको गढीगाउँ पहिलो नाका भएकाले अंग्रेज फौज उम्किएमा यहींबाट प्रतिकार गर्ने रणनीति अनुरूप नेपाली सेनाले उक्त गढी निर्माण गरेको बताउनुभयो ।

खड्गदल गणका गणपति प्रमुख सेनानी प्रमोद पौड्यालले पदयात्रा भव्य र शान्तिपूर्ण रूपमा सम्पन्न भएको बताउनुभयो । ल्केस्थानगढी ऐतिहासिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण रहेको उल्लेख गर्दै उहाँले नेपाल-अङ्ग्रेज युद्धका बेला सिन्धुली गढीको विकल्पका रूपमा निर्माणबारे स्थानीय सूचनालाई अभिलेखका रूपमा सुरक्षित गर्ने प्रयास भइरहेको जानकारी दिनुभयो । "राष्ट्रिय एकता, स्वाभिमान र आत्मगौरव अभिवर्धनसँगै हामी एक हौं भन्ने भावना सुदृढ गर्न इतिहासको संरक्षण आवश्यक छ," पौड्यालले भन्नुभयो ।

# काठमाडौं विश्वविद्यालयमा एआई सम्मेलन




काभ्रेपलाञ्चोक-धुलिखेलस्थित काठमाडौं विश्वविद्यालय (केयू)मा सोमबारदेखि 'एआई कन्क्लेभ-२०२६' (कृत्रिम बुद्धिमत्ता सम्मेलन)को आयोजना गरिएको छ । केयूको डिपार्टमेन्ट अफ आर्टिफिसियल इन्टेलिजेन्स अन्तर्गतको आर्टिफिसियल इन्टेलिजेन्स क्लब (केयुएआइसी)को आयोजनामा हुन लागेको सो सम्मेलन क्लबमार्फत सञ्चालन गरिएको 'एआई कन्भर्जेन्स-२०२६' अन्तर्गत दोस्रो चरणको यस कार्यक्रम आयोजना गरिएको जनाइएको छ ।

आयोजकका अनुसार पछिल्लो दुई वर्षमा गरिएको 'एआई-मिट' कार्यक्रमलाई परिस्कृत गर्दै 'एआई कन्क्लेभ' आयोजना गरिएको हो । एआई क्षेत्रमा सिकाइदेखि नवप्रवर्तनलाई एउटै प्लेटफर्ममा समेट्ने कार्यक्रमको उद्देश्य रहेको क्लबका अध्यक्ष अशिम श्रेष्ठले बताए । उनका अनुसार सम्मेलनको एआईलाई 'रिसर्च' वा 'जेनरेटिभ टुल'मा सीमित नराखी शिक्षा, स्वास्थ्य, वित्त, शासन, उद्योग र समाजमा यसको व्यावहारिक प्रयोगबारे जनचेतना फैलाउनेसमेत लक्ष्य रहेको छ ।

'ब्रिजिङ इन्टेलिजेन्स एन्ड इनोभेसन' नारासहित आयोजना गरिएको सम्मेलनमा विद्यार्थी, अनुसन्धानकर्ता, उद्योग, स्टार्टअप, नीति-निर्माता तथा सर्वसाधारणलाई एउटै प्लेटफर्ममा जोड्ने उद्देश्य जनाइएको छ ।

तीन चरणमा 'एआई कन्भर्जेन्स २०२६' सञ्चालन गरिने छ । पहिलो चरण ' एआई क्यानभास' अन्तर्गत एआई फाउन्डेसन, बुटक्याम्प, वेबिनारलगायतका आधारभूत सिकाइ कार्यक्रम समावेश गरिएका छन् । दोस्रो चरणमा ' एआई कन्क्लेभ' जनवरी १२, १३ र १४ मा केयू केन्द्रीय कार्यालयमा सञ्चालन हुनेछ ।

सम्मेलनअन्तर्गत सोमबार 'नेसनल लेभल एआई समिट', मङ्गलबार प्रोजेक्ट प्रदर्शनी, रोबोटिक्स प्रतियोगिता, ई-गेम्स, टेक-टक्स तथा एक्सपो सञ्चालन हुनेछ भने बुधबार 'एआई फर सोसाइटी' शीर्षकमा प्यानल डिस्कसन, ई-गेम्सको फिनाले, एआईसम्बन्धी जनचेतनामूलक कार्यक्रम, एआई नीतिमा छलफल लगायतका कार्यक्रम हुने आयोजकले जनाएका छन् ।

तीनदिने 'एआई कन्क्लेभ' मा करिब पाँच हजार अवलोकनकर्ताको सहभागिता रहने आयोजकको अनुमान छ ।

# एन्फा निर्वाचनका गतिविधि रोक्न पाटन उच्च अदालतको आदेश

काठमाडौं- पाटन उच्च अदालतले अखिल नेपाल फुटबल संघ (एन्फा) ले घोषणा गरेको अग्रिम निर्वाचनसम्बन्धी कुनै पनि गतिविधि नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ ।



एन्फाले आगामी माघ २८ गतेका लागि अग्रिम निर्वाचन गर्ने घोषणा गरेको थियो । त्यसका लागि तालिका समेत एन्फाले सार्वजनिक गरेको थियो ।

तर उम्मेदवारी दर्ता फारम बुझ्ने लगायत निर्वाचनसँग सम्बन्धित कुनै पनि काम नगर्न वा नगराउनू भनी न्यायधीश कृपासुर कार्कीको एकल इजलासले अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो । अदालतले निवेदक अमित खत्रीका तर्फबाट वरिष्ठ अधिवक्ता डा. भीमार्जुन आचार्यसहितका कानुन व्यवसायीको बहस सुनेपछि विपक्षीलाई १५ दिनभित्र लिखित जवाफ पेश गर्न निर्देशन दिएको छ ।

साथै, अन्तरिम आदेशको मागबारे दुवै पक्षलाई सुनुवाइ गरी निर्णय गर्न उपयुक्त हुने ठहर गर्दै अदालतले माघ ६ गतेका लागि अन्तरिम आदेश छलफलको पेशी तोकेको छ । सो अवधिसम्मका लागि कुनै गतिविधि नगर्न भनिएको छ ।

# समानुपातिक उम्मेदवारी फिर्ता लिनेको संख्या ८५ पुग्यो

काठमाडौं- प्रतिनिधिसभा निर्वाचन अन्तर्गत समानुपातिक तर्फको उम्मेदवारी फिर्ता लिनेको संख्या ८५ पुगेको छ । निर्वाचन आयोगका प्रवक्ता नारायण प्रसाद भट्टराईका अनुसार यो संख्या अझै केही थपिन सक्नेछ ।



'उम्मेदवारी फिर्ता लिनेको संख्या ८५ पुग्यो । अझै केही सेवाग्राही आयोगमै हुनुहुन्छ । उम्मेदवारी फिर्ता लिनेको संख्या केही थपिन सक्छ' भट्टराईले अनलाइनखबरसँग भने ।

राजनीतिक दलहरूले यही पुस १३ र १४ गते समानुपातिक तर्फको बन्दसूची बुझाएका थिए । उनीहरूलाई आइतबारसम्म समावेशी क्लस्टर मिलाउने समय दिइएको थियो । सोमबार उम्मेदवारी फिर्ताको समय छ । उम्मेदवारी फिर्ताका लागि उम्मेदवार स्वयं निर्वाचन आयोगमा उपस्थित हुनुपर्छ । वा वारेस मार्फत् समेत उम्मेदवारी फिर्ताको निवेदन दिन सकिन्छ ।

उम्मेदवारी फिर्ताको निवेदन पाएपछि निर्वाचन आयोगले सम्बन्धित दललाई त्यसबारे जानकारी दिनेछ । आयोगले जानकारी दिएपछि उम्मेदवारी फिर्ता भएपछि खाली भएको ठाउँमा सम्बन्धित दलले अर्को उम्मेदवार पठाउन पाउँछ । प्रतिनिधिसभाको निर्वाचन आगामी २१ फागुनमा हुँदैछ । प्रत्यक्ष तर्फको उम्मेदवारी दर्ता भने आगामी माघ ६ गतेका लागि तय भएको छ ।

# टिचिङ अस्पतालले बन्द गर्‍यो स्वास्थ्य बीमा कार्यक्रम

काठमाडौं- त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल (टिचिङ अस्पताल) ले स्वास्थ्य बीमाको सेवा नै बन्द गर्ने निर्णय गरेको छ ।

आगामी माघ १ गतेदेखि स्वास्थ्य बीमा अन्तर्गतका सम्पूर्ण उपचार सेवा बन्द गर्ने अस्पताल प्रशासनले जनाएको छ ।

अस्पतालका अनुसार विगत लामो समयदेखि बीमा बोर्डले दाबी भुक्तानी नगर्दा अस्पतालको आर्थिक अवस्था धरासायी बनेको छ ।

बीमा बोर्डले अस्पताललाई ४० करोड भुक्तानी दिन बाँकी छ । अस्पतालले मासिक करिब ५ करोड रुपैयाँभन्दा बढी खर्च व्यहोर्दै आएकोमा बीमा बोर्डबाट ५० प्रतिशत मात्र दाबी स्वीकृत हुँदै थप समस्या आएको अस्पताल प्रशासनले जनाएको छ ।




अस्पतालले उपचार दररेटमा बीमा बोर्ड र अस्पतालबीच ठूलो अन्तर रहेको, पटक-पटक ध्यानाकर्षण गराउँदा पनि कुनै सुनुवाइ नभएको जनाएको छ । 'विगत दुई वर्षदेखि आफ्नै आन्तरिक स्रोतबाट दैनिक खर्च धान्दै आएको अस्पतालले अब थप घाटा बीमाको सेवा दिन सक्दैनौ', सुचनामा भनिएको छ । अस्पतालले विभिन्न आर्थिक वर्षमा दाबी गरेको रकममध्ये ठूलो हिस्सा भुक्तानी हुन बाँकी रहेको अस्पतालका सूचना अधिकारी डा. गोपाल सेढाईंले बताए । 'भुक्तानी अभावले अस्पतालको आन्तरिक स्रोतबाट खर्च धान्न कठिनाइ भएको छ । औषधि तथा स्वास्थ्य सामग्री सप्लायरलाई पनि ५ महिनादेखि भुक्तानी दिन सकिएन', डा. सेढाईंले भने, 'घाटा नै खाएर सेवा दिन सकिँदैन भन्ने भएपछि सेवा बन्द गर्ने निर्णयमा पुगेका हौं ।' बोर्डका अनुसार सूचीकृत स्वास्थ्य संस्थालाई ११ अर्बभन्दा बढी भुक्तानी दिन बाँकी छ । लामो समयदेखि बिमितको उपचार गरेवापतको रकम भुक्तानी नपाएपछि अस्पतालहरूले स्वास्थ्य बीमा कार्यक्रम केही हप्ताभित्रै बन्द गर्ने चेतावनी दिएका छन् ।

यसबाट बिमित नागरिक सेवाबाट वञ्चित हुने नै छन्, स्वास्थ्य बीमा कार्यक्रम नै अलपत्र पर्ने जोखिम बढेको छ । स्वास्थ्य बीमा गरेका नागरिकको उपचार गरेवापतको रकम अस्पतालले दाबी गरेपछि स्वास्थ्य बीमा बोर्डले अस्पताललाई भुक्तानी गर्नँपर्छ । तर, सरकारबाट प्रर्याप्त अनुदान नै नपाएपछि बोर्डले सेवा प्रदायक संस्थालाई भुक्तानी दिन सकेको छैन ।

# पोखराको सबैभन्दा महागो होटल



काठमाडौं । पोखराको होटल उद्योग अहिले केवल पर्यटक बस्ने ठाउँमा सीमित छैन, यो सहर मुलुकको पर्यटन व्यवसायमा आधारित अर्थतन्त्र चलाउने इन्जिन बन्दै गएको छ । क्षेत्रीय अन्तर र्ाष्ट्रिय विमानस्थल सञ्चालनमा आएपछि पोखराको पर्यटन संरचना नै रूपान्तरणको चरणमा पुगेको छ । लगानी, सेवा स्तर र मूल्य संरचनासम्म सबै क्षेत्रमा स्पष्ट परिवर्तन देखिन थालेको छ ।

अहिले पोखरामा होटल तथा रिसोर्टहरू केवल सिजन कुर्ने अवस्थामा छैनन् । बाह्रैमास चलायमान पर्यटनले व्यवसायीलाई नयाँ रणनीति अपनाउन बाध्य बनाएको छ । आन्तरिक पर्यटकको बढ्दो उपस्थिति, छोटो बिदा संस्कृति र सामाजिक सञ्जालमार्फत प्रचारले होटल व्यवसायलाई नयाँ ग्राहक वर्गसम्म पुऱ्याएको छ । व्यवसायीहरूका अनुसार सन् २०२५ मा होटल उद्योग अघिल्ला वर्षको तुलनामा स्पष्ट रूपमा नाफामा गएको छ ।

पर्यटकीय सिजनकै बीचमा भएको 'जेनजी आन्दोलन'ले सुरुमा बजारमा त्रास पैदा गरे पनि त्यसको प्रभाव दीर्घकालीन बन्न सकेन । आन्दोलनपछि केही समय होटल बुकिङ घटे पनि आन्तरिक पर्यटकको चापले बजार पुनः सक्रिय बनायो । अहिले अकुपेन्सी दर अघिल्लो वर्षभन्दा बढेको व्यवसायीहरूको दाबी छ ।

हालसम्म गण्डकी प्रदेशमा २ वटा पाँचतारे, ७ वटा चारतारे होटल तथा रिसोर्ट सञ्चालनमा छन् । तीन, दुई, एकतारे र ताराविहीन पोखरा र आसपासमा पर्यटक स्तरका १ हजार २ सय होटल तथा रिसोर्ट छन् । सबैमा गरेर बेड संख्या ४० हजार छ भने ३५० भन्दा बढी होमस्टे र ३०० भन्दा बढी रेस्टुरेन्ट सञ्चालनमा छन् ।

यी संख्यामा सबैभन्दा महँगो कोठा बेच्ने होटल पोखरा ग्राण्डी छ । यो होटलमा एउटा कोठाको मूल्य एउटा ६० हजार रुपैयाँसम्म पर्छ । यो जस्तै अन्य लक्जरी होटल छन् जसले पोखरामा एउटा कोठाको ९ हजार मूल्यदेखि ६० हजार मूल्यसम्म बेचिरहेका छन् ।

पोखराको एकमात्र पाँचतारे होटल ग्रान्डी लेकसाइड क्षेत्र नजिक अवस्थित एक प्रमुख लक्जरी होटल हो । आधुनिक डिजाइन, उच्चस्तरीय सेवा र प्राकृतिक दृश्यको संयोजनले यो धेरै खर्च क्षमताका आन्तरिक तथा विदेशी पर्यटकको रोजाइमा छ । होटलमा सुविधासम्पन्न कोठा, स्वीमिङ पुल, स्पा, फिटनेस सेन्टर, सम्मेलन तथा भोज हल, र बहु-परिकार रेस्टुरेन्ट उपलब्ध छन् ।

अन्नपूर्ण हिमशृंखला र फेवातालको दृश्य देखिने लोकेसन यसको विशेष आकर्षण हो । पर्यटन सम्मेलन, विवाह तथा विशेष कार्यक्रमका लागि पनि पोखरा ग्रान्डी होटल लोकप्रिय मानिन्छ ।

होटलका जनरल म्यानेजर पञ्च लामाको अनुभवमा २०२५ को वर्ष अकुपेन्सीका हिसाबले ग्रान्डीलाई खासै राम्रो रहेन । 'अघिल्लो वर्ष राम्रो अकुपेन्सी थियो । यो वर्ष आन्दोलन, बाढी पहिरोका कारण अकुपेन्सी बढ्न सकेन । पर्यटक बढे पनि अकुपेन्सी बढ्न नसकेको हो,' उनले भने ।

४५ रोपनी क्षेत्रफलमा फैलिएको यो होटलमा १४० वटा कोठा छन् भने ५ वटा हल छन् । जसमा ९८ डिलक्स, २ डिलक्स सुइट, ३८ प्रिमियम र २ प्रिमियम सुइट कोठा छन् । यसको मूल्य १० हजार देखि ६० हजारसम्म रहेको लामाले बताए । यसमा अकुपेन्सी हेरेर छुटको व्यवस्थासमेत गरिएको छ ।

माउन्टेन कैलाश रिसोर्ट

पोखराको माउन्टेन कैलाश रिसोर्ट शान्त वातावरण र प्राकृतिक सौन्दर्यको संयोजनसहित लेकसाइडमा सञ्चालित आकर्षक रिसोर्ट हो । फेवाताल र आसपासका पहाडी दृश्य नजिक रहेको यो रिसोर्टले विश्राम र आराम खोज्ने पर्यटकलाई आकर्षित गर्छ । यहाँ सुविधासम्पन्न कोठा, रेस्टुरेन्ट, खुला बगैंचा, कार्यक्रम हल तथा पारिवारिक बसाइका लागि आवश्यक सेवा उपलब्ध छन् ।

आन्तरिक तथा विदेशी पर्यटक दुवैको रोजाइमा पर्ने यो रिसोर्ट शान्त वातावरणमा बस्दै पोखराको पर्यटन अनुभव लिन चाहनेका लागि उपयुक्त गन्तव्यका रूपमा चिनिन्छ । माउन्ट कैलाशका सञ्चालक नरेश भट्टराई २०२५ को वर्ष पर्यटक बुकिङ गरे जति नआएको बताउँछन् ।

'२०२५ मा बुकिङ ९० प्रतिशत थियो । तर विभिन्न आवरोधहरुले गर्दा ७० प्रतिशतमा मात्र भयो,' उनले भने, 'जुन जुलाईमा पर्यटक आएनन् । सेप्टेम्बर जेनजी र बर्खाले खायो । नोभेम्बर र अक्टुबरमा ६० प्रतिशत मात्र भए । त्यसैले यो वर्ष अकुपेन्सी राम्रो रहेन ।'

२०१९ कै हाराहारीमा पर्यटक भित्रिएको भए पनि होटल तथा रिसोर्ट बढ्दै जाँदा होटलमा अकुपेन्सी पनि घट्दै गएको उनले बताए ।

९ रोपनी क्षेत्रफलमा फैलिएको रिसोर्टमा २ अर्ब भन्दा बढी लगानी गरिएको छ । रिसोर्टमा क्यासिनो, स्पा/ वेलनेस, फिटनेस सेन्टर, स्विमिङपुल र २ वटा मिटिङ हल जस्ता सुविधा छन् । रिसोर्टमा ८० वटा कोठा छन् । जसमा डिलक्स, प्रिमियम डिलक्स, हनिमुन सुइट, प्रेसिडेन्टल सुइट कोठा गरी चारवटा क्याटगरी रहेको छ । यसको मूल्य क्रमशः १० हजारदेखि ५० हजारसम्म रहेको जानाकारी भट्टराईले दिए ।

पोखराको बरपिपल रिसोर्ट शान्त र प्राकृतिक वातावरणमा अवस्थित एक आकर्षक पर्यटकीय रिसोर्ट हो । हरियाली, खुला बगैंचा र पहाडी दृश्यले सजिएको यो रिसोर्ट आरामदायी बसाइ खोज्ने पर्यटकका लागि उपयुक्त मानिन्छ । यहाँ सुविधासम्पन्न कोठा, रेस्टुरेन्ट, स्विमिङ पुल, कार्यक्रम तथा बैठक हलजस्ता सेवा उपलब्ध छन् ।

पारिवारिक भ्रमण, समूहगत बसाइ तथा विशेष कार्यक्रमका लागि समेत रिसोर्ट लोकप्रिय छ । आन्तरिक पर्यटकसँगै विदेशी पाहुनाको पनि राम्रो उपस्थिति रहने बरपिपल रिसोर्ट पोखरामा शान्त वातावरणमा विश्राम गर्न चाहनेका लागि मनपर्ने गन्तव्यका रूपमा परिचित छ ।

रिसोर्टका जनरल म्यानेजर श्याम गुरुङले पहिलाको तुलनामा २०२५ को वर्ष राम्रो अकुपेन्सी रहे पनि जेनजी आन्दोलनले रिसोर्ट तोडफोड हुँदा घाटामा गएको बताए । 'अकुपेन्सी अघिल्लो वर्षको तुलनामा १५ प्रतिशतले बढ्यो । तर रेभिन्यु ४ करोडले घट्न पुग्यो,' उनले भने, 'जनेजी आन्दोलन नभएको भए रेभिन्यु पनि बढ्ने थियो ।'

अघिल्लो वर्ष ५५ प्रतिशत अकुपेन्सी रहेकोमा यो वर्ष ७५ प्रतिशत पुगेको उनले बताए । १० रोपनी क्षेत्रफलमा फैलिएको रिसोर्टमा प्रेसिडेन्टल सुइट-१, जुनियर सइट-३, सुपर डिलक्स-९ र डिलक्स ३३ वटा गरी ४५ कोठा छ । जसको मूल्य १४ हजार देखि ३६ हजारसम्म छ । यो मूल्य होटलको अकुपेन्सीको अवस्था अनुसार घटबढ हुने उनको भनाइ छ ।

रिसोर्टले ग्राहकलाई पिक एन्ड ड्रप, स्पा, फिटनेस सेन्टर, बार र इभेन्ट हलजस्ता सुविधा उपलब्ध गराएको छ ।

२०२५ मा सञ्चालनमा आएको यो चारतारे होटलको व्यापार राम्रो छ। हरेक महिना अकुपेन्सी बढी रहेको सञ्चालक भीष्म पौडेलले बताए । ' हामीले होटल भर्खरै सञ्चालनमा ल्याएका हौं । नयाँ होटल भए पनि अकुपेन्सी राम्रो छ । होटलमा रहेका पुराना काष्ठकला र मूर्तिकला र विभिन्न समुदायको हस्तकला भएकोले पर्यटक लोभिन्छन् । जसले गर्दा अकुपेन्सी राम्रो छ,' उनले भने ।

१२५ करोड लगानीमा सञ्चालन आएको होटल साढे २ रोपनी क्षेत्रफलमा फैलिएको छ । २०२५ मा होटलमा ६४ प्रतिशत अकुपेन्सी रहेका उनले बताए । होटलमा सइट-१,जुनिय सुइट-२, सुपर डिलक्स-५, डिलक्स-४७ वटा गरी ५५ वटा कोठा छ । कोठाको अफर मूल्य ७ हजार ५०० देखि ४२ हजार ५०० सम्म तोकेको उनले बताए ।

यस्तै, होटलले एयरपोर्ट पिक एण्ड ड्रप, इभेन्ट हल, स्पा, स्विमङपुल, १२० जना क्षमताको कन्फरेन्स हल, र फिटनेस सेन्टर जस्ता सुविधा दिएको छ ।

सराङकोट माउन्टेन लज पोखराको सराङकोट क्षेत्रमा अवस्थित छ, जहाँबाट अन्नपूर्ण हिमशृंखला, माछापुच्छे र सूर्योदय-सूर्यास्तको अनुपम दृश्य अवलोकन गर्न सकिन्छ । शान्त वातावरण, प्रकृतिसँग नजिकको बसाइ र सीमित तर उच्चस्तरीय सेवा यसको विशेषता हो । योग, ध्यान, ट्रेकिङ र प्रकृतिमा विश्राम खोज्ने पर्यटकका लागि यो लज आकर्षक गन्तव्य मानिन्छ ।

होटल बाराही भने पोखराको लेकसाइडको मुटुमा अवस्थित एक प्रतिष्ठित होटल हो । लामो समयदेखि सञ्चालनमा रहेको यस होटलले आधुनिक सुविधा, फराकिलो कोठा, स्विमिङ पुल, सम्मेलन हल र रेस्टुरेन्ट सेवा प्रदान गर्दै आएको छ । आन्तरिक तथा विदेशी पर्यटक, व्यावसायिक सम्मेलन र सामाजिक कार्यक्रमका लागि होटल बाराही पोखराको भरपर्दो होटलको रूपमा चिनिन्छ । दुवै बाराही समूहको हो । सञ्चालक विप्लव पौडेलले सोचेको भन्दा कम भए पनि पोहोरको तुलनामा २०२५ मा राम्रो अकुपेन्सी रहेको बताए । 'वर्षभरिको हिसाब हेर्न बाँकी नै छ । तर पोहोरको भन्दा यसपालि दुवै होटलको अकुपेन्सी राम्रो भएको छ । अझै राम्रो हुने थियो । जेनजी आन्दोलनले सोचे जस्तो अकुपेन्सी हुन दिएन् ।

## सन नेपाल लाइफ इन्स्योरेन्सको आठौं र नवौं वार्षिक साधारण सभा सम्पन्न



काठमाडौं- सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आठौं तथा नवौं बार्षिक सााधारण सभा मिति २०८२/०९/२५ गते शुक्रवार, अमृतभोग केटरर्स प्रा.लि.,कालिकास्थान, काठमाडौं सम्पन्न भएको छ ।

संचालक समितिका अध्यक्ष अनुज क्यालको अध्यक्षतामा सम्पन्न भएको उक्त साधारण सभाबाट आर्थिक बर्ष २०८०,८१ तथा आर्थिक बर्ष २०८१,८२ को बार्षिक प्रतिवेदन, लेखापरिक्षकको प्रतिवेदन सहितको आर्थिक बर्ष २०८०,८१ तथा आर्थिक बर्ष २०८१,८२ बमोजिम को वासलात, नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरण र सो सँग सम्वन्धित अनुसूचिहरु सहितको वित्तिय विवरण प्रतिवेदन पारित गरिएको थियो ।

उक्त साधारण सभाबाट लेखापरिक्षकको नियूक्ति, कम्पनीको आर्थिक बर्ष २०८१,८२ को वितरणयोग्य मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु.५,०३१,२३२,०००(अक्षरुपी) पाँच अर्ब तिन करोड बाह्र लाख बतीस हजार मात्र) को ५ प्रतिशत बोनस शेयर तथा १५.२६३२ प्रतिशत नगद लाभांश( बोनस) शेयरको कर प्रयोजनार्थ सहित) गरी कुल २०.२६३२ प्रतिशत लाभांश प्रदान गर्ने प्रस्ताव सर्वसम्मतबाट पारित गरिएको थियो । उक्त साधारण सभामा संचालक किरण के.सीज्यूबाट धन्यवाद ज्ञापन गरिएको थियो । उक्त सभा कम्पनी सचिव श्री बिनोद शर्मा पौडेलले संचालन गर्नभएको थियो ।

## वायुसेवा संचालक संघको अध्यक्षमा प्रतापजंग पाण्डे

काठमाडौं । वायुसेवा संचालक संघ, नेपाल(आयोन)को अध्यक्षमा कैलाश हेलिकोप्टरका प्रवन्ध संचालक प्रतापजंग पाण्डे चयन भएका छन् ।

संघको शुक्रबार भएको २५औं साधारणसभाबाट पाण्डे चयन भएका हुन् । संघको प्रथम उपाध्यक्षमा अल्टिच्यूड एयरका संचालक निमा नुरु शेर्पा, द्वितिय उपाध्यक्षमा यती एयरलाइन्सका प्रमुख कार्यकारी अधिकृत सुवास सापकोटा र तृतीय उपाध्यक्षमा तारा एयरका प्रमुख कार्यकारी अधिकृत उमेश पनेरु चयन भएका छन् ।

संघको महासचिवमा सिम्रिक एयरका प्रवन्ध निर्देशक मुरलीधर जोशी, सचिवमा एयर डाइनेस्टीका प्रवन्धक बालकृष्ण पण्डित र कोषाध्यक्षमा बुद्ध एयरका निर्देशक रुपेश जोशी चयन भए ।

## विद्यार्थी र युवाका लागि एनसेलको नयाँ 'युवा सिम' लागू




काठमाडौं- एनसेलले जेनजी पुस्ताको सञ्चार आवश्यकतालाई लक्ष्य गर्दै नयाँ स्टार्टर प्याक 'युवा सिम' सञ्चालनमा ल्याएको छ । विद्यार्थी तथा युवा वर्गलाई सुलभ शुल्कमा दूरसञ्चार सेवामा सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यसहित ल्याइएको यो प्याक आजदेखि लागू भएको कम्पनीले जनाएको छ ।

करसहित २९९ रुपैयाँ मूल्य रहेको यो प्याकमा २८ दिनका लागि अनलिमिटेड एनसेल-टु-एनसेल कल सेवा, ५ जीबी डेटा, डिजिटल वालेट इसेवा र खल्तीमा निःशुल्क डेटा पहुँच तथा अनलाइन शिक्षण प्लेटफर्म 'मेरो स्कुल'मा निःशुल्क पहुँच उपलब्ध गराइएको छ ।

यस प्याकमा अफ-नेट (एनसेलबाट अन्य स्थानीय नेटवर्क) कलका लागि विशेष छुट समेत दिइएको छ । जसअनुसार प्रति मिनेट रु,१ मा कल गर्न सकिनेछ । साथै, तोकिएको ५ जीबी डेटा सकिएपछि पनि ग्राहकले प्रति एमबी ५० पैसामा पे-एज-यू-गो डेटा निरन्तर प्रयोग गर्न सक्नेछन् । युवा सिमको अर्को विशेष सुविधाअन्तर्गत, ग्राहकले २४ घण्टासम्म मान्य १ जीबी डेटा मात्र रु, १९ मा खरिद गरी फेसबुक, टिकटक र इन्स्टाग्राम प्रयोग गर्न सक्नेछन् ।

युवा सिम सार्वजनिक गर्दै एनसेलका चिफ कन्ज्युमर बिजनेस अफिसर उपाङ्ग दत्तले भने, 'युवालाई लक्षित गरी विशेष रूपमा तयार गरिएको 'युवा सिम' सार्वजनिक गर्न पाउँदा हामी खुसी छौं । यसले युवालाई सधैं कनेक्टेड रहन सहयोग गर्नका साथै डिजिटल भविष्य र शिक्षासँग जोड्न मद्दत गर्ने विश्वास लिएका छौं ।'

युवा सिम लिन इच्छुकले नजिकको एनसेल सेन्टरमा गई नागरिकता वा ड्राइभिङ लाइसेन्स तथा विद्यार्थी परिचयपत्र पेस गर्नुपर्नेछ । नागरिकता वा लाइसेन्स नभएमा अभिभावकको सरकारले जारी गरेको परिचयपत्र र विद्यार्थी परिचयपत्रका आधारमा पनि सिम लिन सकिने एनसेलले जनाएको छ । यो प्याकको सेवा निरन्तर प्रयोग गर्न हरेक २८ दिनपछि पुनः रु । २९९ तिरेर प्याक नवीकरण गर्नुपर्नेछ । ग्राहकहरूले यो प्याक एनसेल एप वा ८१२३३ डायल गरेर खरिद गर्न सक्नेछन् ।

## उद्योग वाणिज्य महासंघ अध्यक्ष ढकाल दुबईमा



काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले संयुक्त अरब इमिरेट्स (यूएई) का आर्थिक मामिला सचिव अब्दुल्ला अहमद अल सालेहसँग भेटवार्ता गरेका छन् ।

यूएईका लागि नेपालका राजदूत तेजबहादुर क्षेत्रीको उपस्थितिमा बुधबार दुबईमा भएको भेटवार्तामा दुवै पक्षले आगामी दिनमा नेपाल-यूएई आर्थिक सहकार्यलाई थप प्रभावकारी बनाउँदै पारस्परिक लाभका साझेदारीहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका महासंघले जनाएको छ ।

त्यस अवसरमा द्विपक्षीय आर्थिक सम्बन्ध सुदृढ गर्दै व्यापार तथा लगानी सहकार्य विस्तारका साथै नेपालमा जलविद्युत्, पर्यटन, कृषि प्रशोधन, पूर्वाधार तथा सूचना प्रविधिजस्ता प्राथमिकता प्राप्त क्षेत्रमा व्यापार तथा लगानी सहकार्य विस्तारबारे छलफल भएको थियो ।

यूएई नेपालका लागि महत्त्वपूर्ण आर्थिक साझेदार हो । तर, द्विपक्षीय व्यापार भने असन्तुलित छ । नेपालले पेट्रोलियम पदार्थ, सुन, मेसिनरी तथा विद्युतीय सामग्री बढी आयात गर्छ भने हस्तकला, अलैंची, चिया र गार्मेन्टजस्ता सीमित वस्तु मात्र निर्यात गर्छ । आयातका तुलनामा निर्यात परिमाण निकै नै न्यून हुँदा नेपालको व्यापार घाटा उच्च छ ।

यूएई नेपालका लागि प्रमुख वैदेशिक रोजगारी गन्तव्य र ठूलो रेमिट्यान्स स्रोत पनि हो । यूएईबाट नेपालमा प्रत्यक्ष वैदेशिक लगानी हाल कम भए पनि जलविद्युत्, पर्यटन, कृषि प्रशोधन र सूचना प्रविधि क्षेत्रमा सम्भावना उच्च छ ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



खेलकुद

## हरपतगन्ज युथ किंग्स र सानो पाइला विजयी




पर्सा- वीरगन्जको हरपतगन्जमा सञ्चालित गढीमाई प्रिमियर लिग टी/२० क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबार भएको दुई खेलमा हरपतगन्ज युथ किंग्स र सानो पाइला विजयी भएका छन् ।

पहिलो खेलमा हरपतगन्ज युथ किंग्सले सखुवा प्रसौनी टाइगर्सलाई ७४ रनले पराजित गऱ्यो । निर्धारित १६ ओभरको खेलमा सखुवा प्रसौनी टाइगर्सले टस जिती हरपतगन्ज युथ किंग्सलाई व्याटिङ गर्न लगायो । हरपतगन्जका आरिफ हवारीले ४५ र साजन रायले १८ रनको योगदान गरे ।

सखुवा प्रसौनीका बलरहरू अभय गिरीले तीन र उपेन्द्र यादवले १ विकेट लिए । जवाफी व्याटिङमा आएको सखुवा प्रसौनी टाइगर १३ ओभरमा ७९ रनमै समेटियो । उमेन्द्र यादवले सर्वाधिक २४ र निरज गिरीले अविजित २२ रनको योगदान गरे ।

हरपतगन्जका बलहरू सन्जीव कुमार तीन र रोशन यादवले दुई विकेट लिए । हरपतगन्जका सन्जीव कुमार 'म्यान अफ द म्याच' घोषित भए ।

दोस्रो खेलमा सानो पाइलाले जेनजी अफ नेपाललाई तीन विकेटले पराजित गऱ्यो । टस जितेर सानो पाइलाले जेनजी अफ नेपाललाई व्याटिङको निम्तो दियो । जेनजी अफ नेपालले १४ ओभरमा १ सय १० रनको सामान्य योगफल तयार पाऱ्यो । उसका लागि महम्मद सरिफ अन्सारीले ३० र श्रीलाल साहले १५ रनको योगदान गरे । सानो पाइलका बलरहरू सेराज हवारीले तीन र राजवीर साहले चार विकेट लिए । जवाफी व्याटिङकमा उत्रिएको सानो पाइलाले १४ ओभरमा सात विकेटको क्षतिमा विजयी लक्ष्य भेट्टायो । उसका लागि सोहेव अख्तरले सर्वाधिक ३४ र सुमन पटेलले ३३ रनको योगदान गरे । जेनजी अफ नेपालका बलरहरू सेराज अन्सारीले तीन र असर्फी साहले १ विकेट हात पारे । सानो पाइलाका पटेल 'म्यान अफ द म्याच' भए ।

# चुनावी जित प्रभावित हुनेगरी अन्तर्विरोधमा नअल्झन ओलीको निर्देशन



काठमाठौं । एमालेका अध्यक्ष केपी शर्मा ओलीले उम्मेदवार छनोटका क्रममा देखिएका आन्तरिक असन्तुष्टि र स-साना अन्तरविरोधमा अल्झिँदा निर्वाचन परिणाम नै प्रभावित हुन सक्ने भन्दै पार्टी पंक्तिलाई सचेत रहन निर्देशन दिएका छन् ।

'महत्वहीन स-साना आपसी अन्तरविरोधमा अल्झिएर मतपरिणाम बिग्रिन दिनहुँदैन' ओलीले भने, 'पार्टीको जित सुनिश्चित गर्न आन्तरिक एकता र अनुशासन सबैभन्दा निर्णायक हुन्छ ।'

एमाले केन्द्रीय कमिटी बैठकलाई सम्बोधन गर्दै अध्यक्ष ओलीले समानुपातिकतर्फ तोकिएकै समयमा निर्वाचन आयोगमा उम्मेदवार सूची पेश गरिएको जानकारी दिए ।

समावेशी क्लस्टर, भौगोलिक सन्तुलन र तोकिएको ११० सिटको सीमालाई ध्यानमा राखेर सूची तयार गरिएको भए पनि कतिपय विषयमा ध्यान नपुगेको हुन सक्ने उनले स्वीकार गरे । यसबारे आगामी दिनमा थप व्यवस्थित गृहकार्य गरिने पनि उनले बताए । प्रत्यक्षतर्फका सम्भाव्य उम्मेदवार सिफारिस प्रक्रिया अन्तिम चरणमा पुगेको उल्लेख गर्दै ओलीले यस क्रममा केही गुनासो र असन्तुष्टि देखिन थालेको बताए । कतिपय स्थानमा 'एकल सिफारिस' को नाममा इच्छुक आकाङ्क्षीहरूसँग समुचित परामर्श नगरिएको तथा कतै तलै सहमति खोज्ने प्रयास नगरी आएका सबै नाम केन्द्रमा पठाइएकोप्रति उनले असन्तोष व्यक्त गरे । अध्यक्ष ओलीले सिफारिस प्रक्रियाको विश्वसनीयता कायम गर्दै सबै पक्षलाई ध्यानमा राखेर अन्तिम उम्मेदवार निर्णय गरिने स्पष्ट पारे । उनले निर्णय भइसकेपछि आकाङ्क्षीहरू सहित सिङ्गो पार्टी पंक्ति एकताबद्ध, दृढ संकल्पित र उच्च मनोबलका साथ निर्वाचन अभियानमा होमिनुपर्नेमा जोड दिए ।

# पूर्वगोर्खा सैनिक आरोही बुढामगरले रचे विश्व कीर्तिमान




लन्डन- पूर्व गोर्खा सैनिक हरि बुढामगरले अन्टार्कटिकाको सर्वोच्च शिखर माउन्ट भिन्सनको सफल आरोहण गरेका छन् ।

बुढामगर विश्वका सातै महाद्वीपका अग्ला हिमाल (सेभेन समिट) पूरा गर्ने पहिलो 'डबल एभब नी' (दुवै खुट्टा घुँडा माथिबाट काटिएको अवस्था) आरोही बनेका छन् ।

क्रिसमसको पूर्वसन्ध्यामा बेलायतबाट अन्टार्कटिका प्रस्थान गरेका बुढामगरले आफ्ना सहयोगीहरू अविरल राई, मिङ्मा शेर्पा र जाङ्बु शेर्पाको साथमा ३ दिनको कठिन आरोहणपश्चात् ६ जनवरी २०२६ राति १० बजे ४,८९२ मिटरको उचाइमा पाइला टेके ।

अन्टार्कटिकाको माइनस २५ डिग्री सेल्सियसको अत्यधिक कठाङ्ग्रिंदो चिसो, हावा र हिउँको ठाडो भिरलाई कृत्रिम खुट्टाको सहायताले परास्त गर्दै उनले 'असम्भव केही छैन' भन्ने सन्देश विश्वभर फैलाएका छन् ।

आरोहणपछि बुढामगरले आफ्नो सपना र दृढ संकल्पले जीवनका जस्तोसुकै अवरोधलाई जित्न सकिने बताउँदै यो सफलता अपाङ्गता भएका व्यक्तिहरूप्रतिको धारणा बदल्ने अभियानमा एउटा कोशेढुङ्गा सावित हुने विश्वास व्यक्त गरेका छन् ।

'हामीले केही पनि असम्भव छैन भनेर देखाएका छौं र अपाङ्गताप्रति जागरुकता जगाएका छौं,' शिखरमा पुगेपछि बुढामगरले भने, 'अरूलाई आफ्नै पहाड चढ्न र जे भए पनि आफ्नो सपना पूरा गर्न प्रेरित गरेका छौं ।'

उनी थप भन्छन्, 'यदि तपाईंसँग सपना छ र आफूलाई समर्पित गर्नहुन्छ भने तपाई जे पनि हासिल गर्न सक्नुहुन्छ ।'

अपाङ्गताबारे जागरुकता जगाउन र आफू जस्ता अरूलाई पनि आफ्नै हिमाल चढ्ने सपना पूरा गर्न प्रेरित गर्न सेभेन समिट आरोहणको योजना बनाएको उनले खुलाए । उनले आफ्नो यो ऐतिहासिक यात्रा सफल पार्न सहयोग गर्ने परिवार, साथीभाइ, सहयोगी संस्थाहरू र सम्पूर्ण समर्थकलाई हृदयदेखि धन्यवाद दिएका छन् ।

बुढामगरले यसअघि ६ महादेशका सबै अग्ला शिखर आरोहण गरेका थिए ।

उनले १३ अगस्ट २०१९ मा युरोपस्थित मोन्ट ब्ल्यांक (४,८१० मि.), ८ जनवरी २०२० मा किलिमन्जारो (५,८९५ मि.) अफ्रिका, १९ मे २०२३ मा माउन्ट एभरेस्ट (८,८४९ मि.) एसिया, २८ जुन २०२४ मा उत्तर अमेरिकाको डेनाली (६,१९४ मि.), २२ फेब्रुअरी २०२५ मा एकोनकागुवा (६,९६१ मि.) दक्षिण अमेरिका र १८ अक्टोबर २०२५ मा ओसिनियास्थित कार्सटेन्ज पिरामिड (४,८८४ मि.) को सफल आरोहण गरेका थिए ।

उनले डेनाली र कार्सटेन्ज पिरामिडको टुप्पोमा पुग्ने दुवै खुट्टा नभएका व्यक्तिमा पहिलो बनेर पर्वतारोहणको अर्को इतिहास पनि रचेका छन् ।

बुढामगरको परिवार हाल बेलायत क्यान्टबरीमा छ । गत वर्ष मात्र बुढामगरले बेलायतको प्रतिष्ठित 'एमबीई' अवार्ड प्राप्त गरेका थिए ।

आफ्नो भविष्य सुन्दर बनाउने सपना साँचेर १९ वर्षमै ब्रिटिस सेनामा भर्ना भए रोल्पा थवाङ गाउँपालिका, मिरुलका हरि बुढामगर । ३१ वर्षको उमेर थियो, रोयल गोर्खा राइफल्समा कार्यरत उनी जागिरकै दौरान सन् २०१० मा अफगानिस्तानको लडाइँमा खटिँदा एक 'इम्प्रोभाइज्ड एक्सप्लोसिभ डिभाइस' मा पाइला टेकेर विष्फोट हुँदा घुँडाभन्दा माथि दुवै खुट्टा गुमाए । विस्फोटपछि जब उनी ब्युँझिए, तीन सन्तानका पिता उनलाई लाग्यो, अब मेरो जीवन सकियो । शारीरिक र मानसिक पीडाले लामो समयसम्म विक्षिप्त भए बुढामगर । पीडा भुलाउन रक्सी पिउँदापिउँदै लत नै बस्यो । कहिलेकाहीँ त आत्महत्या गर्ने सोचसमेत आएको उनी बताउँछन् ।

'तर, घरपरिवार र सन्तानको मायाले मर्न हुँदैन भन्ने लाग्यो । बरु म शारीरिक असक्तता भुलेर आफूलाई साहसिक खेल गतिविधिमा केन्द्रित गराउन थालें', उनी भन्छन्, 'स्किइङ, गल्फिङ, साइक्लिङ थालेपछि आत्मविश्वास बढ्दै गयो । यो मेरो जीवन परिवर्तनमा सहयोगी पनि बन्यो ।'

बुढामगर स्की खेल्न युरोप र अमेरिकासम्म पुगे । अपाङ्गता भएर पनि स्की खेल खेल्ने नेपालमा पहिलो खेलाडी बने ।

माउन्टेनरिङसम्बन्धी तालिमपछि माउन्टेन प्रशिक्षक भएर काम गरे । इच्छाशक्ति भए असम्भव केही छैन भन्ने पाठ सिके उनले ।

स्कुल पढ्दा सगरमाथाबारे धेरै पढेका बुढामगर तेन्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारीले सगरमाथा चढेको कथा सुन्दा निकै उत्साहित हुन्थे । पछि उनले विश्वकै अग्लो शिखर सगरमाथा आरोहण गरेर विश्व कीर्तिमान पनि राखे ।

कृत्रिम खुट्टा (प्रोस्थेटिक) को सहायताले सगरमाथा आरोहण गरी विश्व रेकर्ड बनाएका भूतपूर्व गोर्खा सैनिक हरि बुढामगरलाई कसैले दुवै खुट्टा नभएको मान्छे कसरी सगरमाथा चढिस् भनेर सोधेमा उनी भन्ने गर्छन्, 'मैले खुट्टाले होइन, आत्मबलले सगरमाथा चढेको हुँ ।'

## ढिक्री बनाउन व्यस्त थारू समुदाय



दाङ- दाङको तुलसीपुर उपमहानगरपालिका-१२ कचेलीकी जानकी चौधरीलाई अहिले ढिक्री बनाउने चटारो छ । माघी नजिकिएसँगै उनी अहिले ढिक्री बनाउनमा नै व्यस्त छिन् । त्यस्तै तुलसीपुर १० बनकाउकी विझौनी थारूलाई पनि अहिले ढिक्री बनाउन भ्याइनभ्याइ छ । उनीहरू मात्रै होइन, माघी नजिकिएसँगै अहिले थारू समुदायमा ढिक्री बनाउने चटारो छ ।

थारू समुदायले हरेक चाडपर्वमा मुख्य परिकारका रूपमा ढिक्री पकाउने गर्छन् । सुङ्गुरको मासु, माछा, घोँगीलगायतसँग ढिक्री खाने चलन छ । यी परिकार थारू समुदायका प्रख्यात परिकार हुन् ।

चामलको पीठोबाट ढिक्री बन्छ । चामलाई मुछेर त्यसलाई लाम्चो आकार दिइन्छ । खासगरी माघीमा लाम्चो आकार दिए पनि दसैंमा भने गोलो आकारको बनाइन्छ ।

त्यस्तै तिहारमा चेप्टो, दियो जस्तो बनाइन्छ । त्यसलाई पानीको बाफमा आधा घण्टा जति उसिनेपछि ढिक्री तयार हुन्छ । खासगरी उसिनेर ढिक्री बनाइने भएकाले त्यसले स्वास्थ्यमा असर गर्दैन ।

## कञ्चनपुरको राधानदीमा जलस्तर मापन गर्ने 'आरएलएस' जडान

कञ्चनपुर- जिल्लाको बेदकोट नगरपालिका भएर बग्ने चौधरनदीको मुख्य सहायक राधानदीमा 'राडार लेभल सेन्सर' (आरएलएस) जडान गरिएको छ ।

बाढीको पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यका साथ नदीमा जलस्तर मापन गर्ने आधुनिक आरएलएस प्रविधि जडान गरिएको हो । इन्स्टिच्युट अफ हिमालयन रिस्क रिडक्सन, डिसिए नेपाल र नेपाल राष्ट्रिय समाज कल्याण सङ्घ (एनएनएसडब्लुए), कञ्चनपुरको साझेदारीमा सञ्चालित 'स्मार्ट' परियोजनाअन्तर्गत उक्त प्रविधि जडान गरिएको परियोजनाका संयोजक राजकुमार सुनारले बताए ।

उनका अनुसार प्रविधि जडानमा जल तथा मौसम विज्ञान कार्यालय अत्तरिया र बेदकोट नगरपालिकाको सहकार्य रहेको छ ।



नदीमा जडान गरिएको राडार लेभल सेन्सरले नदीको जलस्तरको वास्तविक तथ्याङ्क (रियल टाइम डाटा) सङ्कलन गरी तत्काल जानकारी उपलब्ध गराउने संयोजक सुनारले जानकारी दिए । 'यसबाट बर्खायाममा आउन सक्ने सम्भावित बाढीको पूर्वसूचना समयमा प्राप्त हुने र तल्लो तटीय क्षेत्रका नागरिकको जीउधनको सुरक्षामा महत्वपूर्ण सहयोग पुग्ने विश्वास लिइएको छ', उनले भने ।

सेन्सर जडान भएपछि बेदकोटसँगै भीमदत्त नगरपालिका र बेलडाँडी गाउँपालिका क्षेत्रका तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने बासिन्दालाई समयमा बाढीबारे सचेत गराउन मद्दत पुग्ने संयोजक सुनारले बताए ।

'अहिले प्रविधि जडान मात्रै गरिएको छ', उनले भने, 'यसलाई जल तथा मौसम विज्ञानको प्रणालीमा आबद्ध गर्ने कार्य वर्षा सुरु हुनुअगावै पूरा हुन्छ । त्यसपछि नदीको जलस्तर विभागको वेबसाइटबाट प्रत्यक्ष हेर्न सकिनेछ ।'

बेदकोट नगरपालिकाका प्रमुख भोजराज बोहराले नगरपालिकाले विपद् जोखिम न्यूनीकरणका लागि आधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकता दिँदै आएको बताए । यस कार्यले स्थानीय समुदायलाई बाढीबाट हुनसक्ने क्षति कम गर्न र विपद् व्यवस्थापनमा सहयोग पुग्ने उनले विश्वास व्यक्त गरे ।

## तीन सातादेखि बन्द सानिमा मिडल तमोर हाइड्रोले पुन थाल्यो उत्पादन

ताप्लेजुङ । गत मङ्सिर अन्तिम सातादेखि बन्द रहेको ७३ मेगावाट क्षमताको सानिमा मिडल तमोर हाइड्रोपावरको विद्युत् उत्पादन पुनः सुरु भएको छ ।

पावरहाउस (विद्युतगृह)लगायतमा देखिएको प्राविधिक समस्या समाधान भएपछि पुनः विद्युत् उत्पादन सुरु भएको कार्यालयका प्रशासन प्रमुख तथा वातावरण अधिकृत करण गौतमले जानकारी दिए ।

केही उपकरणमा प्राविधिक समस्या देखिएकै समयमा प्रत्येक वर्ष गरिनुपर्ने नियमित मर्मतसम्भारको कार्यसमेत एकैसाथ सम्पन्न गरी उत्पादन सुरु गरिएको उनले बताए ।

करिब दुई वर्षअघि उत्पादन सुरु गरिएको यस आयोजनाबाट उत्पादित विद्युत् वसन्तपुर सबस्टेसनमार्फत केन्द्रीय प्रसारण लाइनमा जोडिएको छ । यो आयोजना जिल्लामा सञ्चालनमा रहेका जलविद्युत् आयोजनामध्ये सबैभन्दा बढी क्षमताको हो ।

## विधानको सहाराले मात्रै होइन संवादबाट समाधान खोजौँ : मीन विश्वकर्मा

काठमाडौं । नेपाली कांग्रेसका प्रचार विभाग प्रमुख मीनबहादुर विश्वकर्माले पार्टीको विवाद समाधानका लागि संवादलाई नै जोड दिनुपर्ने बताएका छन् ।

सामाजिक सञ्जाल फेसबुकमार्फत उनले देश नै राजनीतिक अस्थिरता र अराजकताको भुमरीमा फसेको बेला कांग्रेस पनि आन्तरिक विवादका कारण संकटमा परेको बताए ।

'निषेध, नियन्त्रण, अस्विकार वा बहिष्कार होइन, विधीविधानका धाराको सहाराले मात्र पनि होइन, मन मस्तिष्क, भावना, बुद्धी र विवेकको उच्चतम अभ्यासबाट छलफल, संवाद, सहमति र स्वीकारको नीति अवलम्बन गर्दै यो संकटबाट पार्टीलाई अविलम्ब बाहिर निकाल्न पार्टीका शीर्ष नेतृत्व एवं सम्वद्ध सबैमा हार्दिक अनुरोध गर्दछु,' उनले भनेका छन् ।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २४,
२०८२ साल पुस २९ गते मंगलबार
13 JANURY 2026, TUESDAY

# दार्चुला छाङरु र तिंकरको निर्वाचन खलङ्गामै



दार्चुला- आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि व्यास गाउँपालिका-१ छाङरु र तिंकर गाउँका मतदाताले सदरमुकाम खलङ्गामा मतदान गर्नुपर्ने भएको छ। गत मङ्सिरमा यहाँका दुवै गाउँका स्थानीय बसाइसराइ (कुन्चा) सरेर खलङ्गा आएका कारण निर्वाचन खलङ्गा मै हुने भएको हो।

विसं २०७९ को स्थानीय तह निर्वाचन छाङ्गरु र तिङ्करकै मतदान केन्द्रमा भएको थियो। यसपटक स्थानीयको बसाइसराइ सरेको कारण दुवै मतदान केन्द्र खलङ्गा मै कायम गरिएको प्रमुख जिल्ला अधिकारी अनिल पौडेलले जानकारी दिए। यहाँको वडामा दुई वटा मतदान केन्द्र कायम छ।

जिल्ला निर्वाचन कार्यालय दार्चुलाका निर्वाचन अधिकारी प्रदीपसिंह धामीका अनुसार कैलाशपति आधारभूत विद्यालय छाङरुमा ३७५ जना र मोति महिला सङ्घ आधारभूत विद्यालय तिङ्कर केन्द्रमा २४४ जना मतदाता छन्।

२०७९ मा भएको स्थानीय तह प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा छाङरुको मतदान केन्द्रमा ३८३ र तिङ्कमा २३४ जना मतदाता थिए। यसैगरी प्रतिनिधिसभा सदस्यको निर्वाचनको लागि दार्चुलामा ११२ मतदानस्थल र १४३ मतदान केन्द्र तोकिएका छन्। जिल्ला सुरक्षा समिति दार्चुलाका अनुसार तोकिएकामध्ये २२ मतदान केन्द्र अति सम्वेदनशील सूचीमा राखिएको छ। जिल्लामा रहेका १४३ मतदान केन्द्रमध्ये २२ अति सम्वेदनशील, ४१ सम्वेदनशील र ७८ सामान्य सूचीमा राखेर विभाजन गरिएको जिल्ला सुरक्षा समिति प्रमुख एवं प्रमुख जिल्ला अधिकारी पौडेलले जानकारी दिए। यसपटक भौगोलिक दुर्गमता, विगतका निर्वाचन अनुभव, सुरक्षा निकायको पहुँचलगायतलाई आधार मानेर वर्गीकरण गरिएको उनको भनाइ छ।

यस पटक जिल्लामा विसं २०७९ को निर्वाचनको तुलनामा दुई हजार १६६ मतदाता थपिएका छन्। जिल्ला निर्वाचन अधिकारी प्रदीपसिंहधामीका अनुसार विसं २०७९ मा भएको प्रतिनिधिसभा निर्वाचनमा ९० हजार ७८२ रहेका मतदाता सङ्ख्या रहेकोमा हाल बढेर ९२ हजार ९४८ पुगेको छ।

धामीका अनुसार हाल कायम रहेका मतदातामध्ये ४७ हजार ७५५ पुरुष र ४५ हजार १९३ महिला मतदाता छन्। नौ वटा स्थानीय तह रहेको दार्चुलामा शैल्यशिखर नगरपालिकामा १५ हजार ५१६ मतदाता छन् भने महाकाली नगरपालिकामा १४ हजार १४३ मतदाता कायम भएका छन्।

मालिकार्जुन गाउँपालिकामा ११ हजार ८७८, लेकम गाउँपालिकामा १० हजार ३११ र नौगाड गाउँपालिकामा १० हजार ८८ मतदाता रहेका छन्। मार्मा गाउँपालिकामा नौ हजार ६१३, दुहुँ गाउँपालिकामा आठ हजार ४४१, व्यास गाउँपालिकामा आठ हजार १६२ तथा अपी हिमाल गाउँपालिकामा चार हजार ७९६ मतदाता कायम भएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

# सडक सञ्जालमा जोडिँदै गुर्जा गाउँ

म्याग्दी- 'टुप्पीभन्दा माथि ठाउँ छैन, गुर्जाभन्दा माथि गाउँ छैन,' म्याग्दीमा प्रचलित यो भनाइले धवलागिरि गाउँपालिका-१ मा रहेको गुर्जाको विकटतालाई झल्काउँछ।

हालसम्म विकट र दुर्गम बस्तीका रूपमा चिनिएको गुर्जालाई चालु आर्थिक वर्षभित्र नै सडक सञ्जालमा जोड्ने लक्ष्यसहित धवलागिरि गाउँपालिकाले योजना निर्माण सुरु गरेको छ। लुलाङ-गुर्जा सडक योजनामार्फत चालु आर्थिक वर्षमा थप करिब चार किलोमिटर ट्र्याक (मार्ग) बनाएर गुर्जालाई यातायात सञ्चालसँग जोड्न लागिएको गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पुनले बताए।

'आर्थिक वर्ष २०७९/८० देखि सुरु भएको लुलाङ-गुर्जा धवलागिरि गाउँपालिकाको गौरवको प्राथमिकता प्राप्त योजना हो,' उनले भने, 'यसअघिका तीन वर्षमा गाउँपालिका, प्रदेश र सङ्घीय सरकारको लगानीमा लुलाङदेखि भैसीमानेसम्म करिब १८ किलोमिटर सडकको मार्ग खुलेको थियो।'

चालु आर्थिक वर्षमा रु एक करोड ७० लाख बजेट विनियोजन गरेको योजनामार्फत छनोट भएको ठेकेदार कम्पनी लुलु कन्स्ट्रक्सनले भैसीमाने खाल्टादेखि झिरसो भन्ने ठाउँसम्म करिब एक किलोमिटर मार्ग खोलिसकेको छ। यसै महिनामा रु ८८ लाख ८५ हजारमा ठेक्का सम्झौता भएको थियो।

थप चार किलोमिटर सडकको मार्ग खुलेमा गुर्जा यातायात सञ्जालमा जोडिने धवलागिरि गाउँपालिका-१ का वडाअध्यक्ष झकबहादुर छन्त्यालले बताए। 'दुई वर्षअघि सम्म गुर्जादेखि लुलाङ पुग्न पूरै दिन भिर, जङ्गल र खोल्साको उकालो, ओरालो पैदलयात्रा गर्नुपर्ने अवस्था थियो,' उनले भने, 'हाल गाडी पुग्ने झिरसोदेखि ३० मिनेट पैदलयात्रा गरेर गुर्जा पुगिन्छ।' गाडी चल्न थालेपछि गुर्जाबाट दुई घण्टा ३० मिनेटमा गाउँपालिकाको केन्द्र मुना, पाँच घण्टामा बेनी र सात घण्टामा पोखरा पुग्न सकिने भएको वडाअध्यक्ष छन्त्यालले बताए।

सडकको मार्ग खोल्नाका साथै विभिन्न ठाउँमा ग्याबियन, मेसिनरी र पलम पर्खाल पनि निर्माण भएको छ। मार्ग खुलेको सडकको ग्रेड, घुम्ती मिलाउन, साँघुरो ठाउँमा फराकिलो पार्न, पक्की नाला बनाउन चालु आर्थिक वर्षमा सङ्घीय सरकारको सहरी विकास मन्त्रालयबाट रु. तीन करोड र गण्डकी प्रदेश सरकारले रु ५० लाख विनियोजन गरेको छ।

गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माणका लागि ठेक्का सम्झौता गरेको छ। दैनिक उपभोग्य, निर्माण सामग्री ढुवानी, बिरामीलाई समयमा नै अस्पताल पुर्याउन सहज भएको छ। अल्पसङ्ख्यक छन्त्याल र दलित समुदायको बसोबास रहेको गुर्जा म्याग्दीको छवटा स्थानीय तहका ४५ मध्य सडक यातायातको सुविधा नपुगेको एक मात्र वडा हो।

एउटै बस्ती एकै वडामा समेटिएको दुई ६५ घरधुरी रहेको गुर्जाको जनसङ्ख्या एक हजार ५०५ जना छ। खानी उत्खननका लागि आएका छन्त्याल र दलित समुदायले गुर्जामा बस्ती बसाएका इतिहास छ।

सडकको पहुँच नहुँदा खच्चड, घोडा र भरियामार्फत खाद्यान्न तथा निर्माण सामग्री ढुवानी गर्दा खर्च महँगो लाग्ने गरेको छ। बिरामीलाई अस्पताल पुऱ्याउन हेलिकप्टर चार्टर गर्नुपर्छ। सडक यातायातको सुविधा भएपछि गुर्जाका बासिन्दालाई सहज हुनाका साथै आन्तरिक पर्यटकको आगमन पनि बढ्ने अपेक्षा गरिएको गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले बताए।

**नयाँ शक्ति**

दवाव दिईरहेका छन्। तर पुराना दलका नेताहरु जस्तै नयाँ दलमा रहेका नेताहरुको पनि उस्तै प्रतिस्पर्धा देखिन थालेको छ। यस्तो प्रबृतिले देशलाई टेवा दिन सक्दैन। समयमा नै बुझुन्।

**पूर्वराजा ज्ञानेन्द्र...**

छन्। भाषण, जादू र चमत्कारले देश बन्न नसक्ने उनको भनाइ छ। 'भाषण अनि जादू, चमत्कारले यो देश बनेको हैन। र बन्दैन पनि। सबै जात, धर्म र क्षेत्रका नेपालीको साझा प्रतिनिधिका रुपमा काम गरेको राजसंस्था, जनताले सुम्पेको जिम्मेवारीबाट विमुख हुनै सक्दैन। सबै नेपालीले यो कर्तव्यबोध गरी पृथ्वीपथमा लाग्नुपर्छ भन्ने हाम्रो धारणा र आह्वान छ,' पूर्वराजा शाहले भनेका छन्।

उनले थप भनेका छन्, 'झण्डै दुई दशकअघि शान्ति ल्याउँछौं र आर्थिक प्रगतितर्फ देशलाई लैजान्छौं र स्थायित्व दिन्छौं भनेर सत्तामा पुगेका दलहरूको चाहना अनुसार, हामीले श्रीपेच जनताको नासो जनताकै सुरक्षित संरक्षित निकायमा बुझाइ सहयोगी नियतका साथ राजकाजबाट बाहिरै रहेको सर्वविदितै छ।'

उनले पृथ्वीनारायण शाहको प्रशंसा गर्दै भनेका छन्, ' बडामहाराजधिराजबाट २२ वर्षको युवा अवस्थामा नै सुरु गरेको एकीकरणको सफलतापछि आधुनिक नेपाललाई चार वर्ग ३६ जातको साझा फुलबारीको रुपमा चित्रण गरिबक्सेको थियो। यो मुलुक राजाको मात्रै होइन, जनता र राजाको समान स्वामित्वको देश पनि हो भन्ने सन्देश दिइबक्सेको थियो।

सबै जात, धर्म र क्षेत्रका नेपालीको साझा प्रतिनिधिका रुपमा काम गरेको राजसंस्था, जनताले सुम्पेको जिम्मेवारीबाट विमुख हुनै नसक्ने उनको भनाइ छ। 'सबै नेपालीले यो कर्तव्यबोध गरी पृथ्वीपथमा लाग्नुपर्छ भन्ने हाम्रो धारणा र आह्वान छ,' शाहले भनेका छन्।

**प्रधानमन्त्री...**

तपाईंले जुन अभिभावकीय भूमिका खेल्नुभयो, त्यो प्रशंसनीय छ,' प्रधानमन्त्री कार्कीले भनिन्, 'अझै पनि समाजका सबै पक्ष समेटेर शान्ति र सद्भाव कायम राख्न यस्तै भूमिका खेल्न सक्नुहुनेछ भन्ने मलाई विश्वास छ।'

आउँदो फागुन २१ गतेका लागि निर्धारित निर्वाचनको वातावरण बन्दै गएको अवस्थामा यसबीचमा आउन सक्ने सम्भावित चुनौतीहरुतर्फ पनि सतर्क हुनुपर्ने प्रधानमन्त्रीको धारणा थियो।

'देश अब पूरै निर्वाचनको मुडमा गइसकेको छ,' उनले भनिन्, 'यस्तो समयमा कतिपय तत्त्वले चुनौती खडा गर्न सक्छन्। त्यसतर्फ सचेत रहँदै समाजमा शान्ति, सद्भाव र सहिष्णुता कायम गर्न सबै पक्षले भूमिका खेल्नुपर्ने हुन्छ। तपाईं पनि अभिभावकका रुपमा पहल गर्नुहोस्। राज्यका सबै संयन्त्र परिचालन गरी चुनावका लागि अनुकूल वातावरण बनाउँदै जानुपर्छ।'

प्रदेश प्रमुख लाभले पनि प्रदेशको शान्ति सुव्यवस्था कायम राख्न आफ्नो तर्फबाट प्रयास गरिरहेको र सुरक्षा तथा प्रशासनिक संयन्त्र परिचालित भइरहेको जानकारी दिए।

प्रदेश प्रमुख लाभले भेटका अवसरमा आफूले पदभार सम्हालेपछिका दुई महिनाको अवधिमा गरेका कामको विवरण प्रस्तुत गर्नुका साथै प्रधानमन्त्री कार्कीलाई मिथिलाका स्थानीय कलाकारले बनाएको जानकी मन्दिरको प्रतिमा र आफ्ना पुस्तक उपहार पनि दिए।

**जेनजी अगुवा...**

'म देशकै मुद्दा बोकेर हिँडिरहेको छु, तपाईंहरूको मुद्दा त्यसैमा पर्छ,' साम्पाङले भनेका थिए।

जेनजी आन्दोलनकै बेला पनि आफू सडकमा निस्किएर सही निकास दिने विकल्पमा उभिएको तर्क मेयर साम्पाङले गरेका थिए। 'देशलाई आपत गर्दा कतिपय मान्छे लुकेर बसेका थिए, त्यसबेला म सडकमा आएर संकट सम्हाल्न खोजेको मान्छे हुँ,' उनले भनेका थिए।

जेनजी प्रतिनिधिहरूले नयाँ शक्तिहरूसँगको सहकार्यबारे पनि प्रस्ताव राखेका थिए। 'देशव्यापी नभए पनि क्षेत्रीय रुपमा नयाँहरूसँग तपाईंले सहकार्य गर्नुस् भन्ने हाम्रो प्रस्ताव थियो,' चाम्लिङले भने।

यो प्रस्तावमा पनि हर्क साम्पाङ सहमत भएनन्। उनले कसैसँग पनि गठबन्धन नगर्ने अडान लिए।

'कसैसँग गठबन्धन हुने कुरा हुँदैन। तपाईंहरू को को कताकता गइरहनुभएको छ। माटो चिह्न लिएर लडिदिनुस्, हामी उठाउँछौं,' साम्पाङले भने। माटो चिह्न लिएर उम्मेदवार बन्न सक्ने सम्भावना भएकाले जेनजीहरू अरूतिर नदौडिन पनि आग्रह गरेका थिए।

**आशिका तामाङ...**

काठमाडौं निर्वाचन क्षेत्र नम्बर २ र ९ लाई प्राथमिकतामा राख्दै स्वतन्त्र उम्मेदवारी घोषण गर्दछु।'

जेन जेड पुस्ताका युवाले उठाएका आवाज, मुद्दा र परिवर्तनको चाहनालाई सडकदेखि सदनमा सशक्त रुपमा प्रतिनिधित्व हुनुपर्छ भन्ने भावनालाई सम्मान गर्दै स्वतन्त्र उम्मेदवारी दिने निर्णय लिएको उनको भनाइ छ।

'यो उम्मेदवारी व्यक्तिगत महत्वाकांक्षाभन्दा पनि नयाँ पुस्ताको आवाज, जवाफदेही राजनीति, पारदर्शिता र व्यावहारिक समाधानको प्रतिबद्धताबाट प्रेरित छ। म विश्वास दिलाउन चाहन्छु कि युवाहरूको सपना, उनीहरूको भविष्य र देशको समग्र हितका लागि दृढ, स्वतन्त्र र निर्भीक रूपमा अघि बढ्नेछु,' उनले भनिन्।

युवा पुस्ताको भावनाको कदर, सडकदेखि सदनसम्म जनसरोकारका मुद्दा, भ्रष्टाचारविरुद्धको निरन्तर लडाइँ आफ्नो अठोट भएको उनको भनाइ छ।

चलचित्र क्षेत्रबाट उदाएकी तामाङ पछिल्लो केही वर्षदेखि सामाजिक कार्यमा सक्रिय छिन्। फाउण्डेशन नै खोलेर सामाजिक गतिविधिमा लागेकी तामाङले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका शहीद परिवार र घाइतेलाई दाताहरूमार्फत सहायता गरेकी थिइन्।

काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँगको एकताअघि तामाङलाई बोलाएर सामानुपातिकमा प्रस्ताव गरेका थिए। तर, तामाङले आफू प्रत्यक्षबाटै उम्मेदवार बन्ने बताएकी थिइन्।

सक्रिय राजनीतिमा आउनेबारे सामाजिक सञ्जालमा राखेको मत सर्वेक्षणमा ९२ प्रतिशत बढीले आफूलाई प्रत्यक्षबाटै निर्वाचन लड्न सुझाएको तामाङको भनाइ थियो।

**कुलमान...**

प्रस्ताव लिएर आउने हुन थाल्यो। नयाँ नयाँ भाग मागेको माग्यै गरेपछि हामी अब अघि बढ्न नसक्ने भयौं,' रविले बैठकमा भनेको भनाइ उद्धृत गर्दै स्रोतले भन्यो।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सँग एकता प्रक्रिया भाँडिएसँग उज्यालो नेपाल पार्टीले पनि केन्द्रीय समितिको बैठक बोलाएको छ।

बैठकलगत्तै कुलमान घिसिङसहितले पत्रकार सम्मेलन गर्ने बताइएको छ। कुलमानलाई सो पार्टीले अध्यक्षको भूमिकामा चयन पनि गरेको छ।


कुलमान घिसिङ उपसभापति पद हुनेगरी रास्वपासँग सहमति बनेको थियो। पदाधिकारी, केन्द्रीय सदस्य पदमा दुई पक्षमा कुरा मिल्न सकेको थिएन।

समानुपातिक उम्मेदवार पूर्व सहमति अनुसार लागू नभएको उज्यालो नेपालको गुनासो छ।

पछिल्लो समयमा शक्ति बाँडफाँडको क्रममा संवाद हुँदा कुलमान पूर्ववत सहमतिबाट पछि हटेको रास्वपा पक्षले जनाएको छ।

## अन्तराष्ट्रिय

# ट्रम्पले आफूलाई भेनेजुएलाको 'कार्यवाहक राष्ट्रपति' भन्दै तस्बिर सार्वजनिक




काठमाडौँ – अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले आफूलाई भेनेजुएलाको 'कार्यवाहक राष्ट्रपति' उल्लेख गरिएको तस्बिर सामाजिक सञ्जालमा सार्वजनिक गरेका छन्।

उनले सोमबार बिहान आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसलमा विकिपिडियाको स्क्रिनसटजस्तो देखिने तस्बिर सेयर गरेका हुन्।

उक्त तस्बिरमा ट्रम्पको आधिकारिक फोटोमुनि पदको विवरणमा 'भेनेजुएलाको कार्यवाहक राष्ट्रपति' लेखिएको देखिन्छ। कुनै क्याप्सन नराखी पोस्ट गरिएको तस्बिरलाई केही घण्टामै १७ हजारभन्दा बढी प्रयोगकर्ताले प्रतिक्रिया दिएका छन् भने चार हजारभन्दा बढीले रिट्रुथ गरेका छन्। भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरोलाई अमेरिकी सेनाले पक्राउ गरेको एक सातासमेत नबित्दै ट्रम्पको यस्तो पोस्ट सार्वजनिक भएको हो। मादुरोको गिरफ्तारीपछि भेनेजुएलामा डेल्सी रोड्रिगेज हाल कार्यवाहक राष्ट्रपतिको भूमिकामा रहेकी छन्।

# विशेष महाधिवेशनको उद्घोष– अब कोही पनि २ पटक भन्दा बढी प्रधानमन्त्री बन्ने छैन



काठमाडौं- नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले दुई पटक भन्दा बढी प्रधानमन्त्री बन्न नपाउने व्यवस्था संविधानमा नै गर्नुपर्ने प्रस्ताव गरेका छन्।

पार्टीको विशेष अधिवेशनको बन्दसत्रमा सांगठानिक प्रतिवेदन पेश गर्दै उनले देश र पार्टी दुवै असफल हुने भएकाले एउटै व्यक्तिलाई २ पटक भन्दा बढी प्रधानमन्त्री बन्न नपाउने गरी आफूले सो प्रस्ताव गरेको जानकारी गराए।

'चुनाव हुने, नयाँ सरकार बन्ने तर प्रधानमन्त्री पुरानै हुने डेढ दशकयता हामीले निरन्तर यो अभ्यास गर्दै आयौं। विगतको गल्ती सच्याउँदै यो विशेष महाधिवेशन उद्घोष गर्दछ- नेपाली कांग्रेसको तर्फबाट भविष्यमा कोही पनि २ पटक भन्दा बढी प्रधानमन्त्री बन्ने छैनन्,' उनले प्रस्ताव पढ्दै भनेका छन्।

महामन्त्री शर्माले मुलुकको अस्थिरताबाट स्थिरतामा लैजाने कुरामा पनि नेपाली कांग्रेसले अग्रसरता, पहलकदमी लिनुपर्ने बताए। महामन्त्री शर्माले समन्यायिक विकासको अवधारणा अन्तर्गत सबै निर्वाचन क्षेत्रमा बजेट विनियोजन गर्नुपर्ने समेत बताए।

'२ पटक मात्रै प्रधानमन्त्री बन्ने यो नीतिलाई नेपालको संविधानमा लिपिबद्ध गर्न नेपाली कांग्रेसले अग्रसरता लिनेछ। देशलाई स्थिरतातर्फ लैजान नीति गत पहल गर्दछौं,' उनले भने।

जन आकाश
Jana Aakash National Weekly
WWW.JANAAKASH.COM.NP


# अभिनेता प्रशान्त तामाङको निधन

गायक तथा अभिनेता प्रशान्त तामाङको निधन भएको छ । उनको आइतबार बिहान कार्डियक अरेस्ट (मुटुको विद्युत सम्बन्धी गडबडी)का कारण दिल्लीस्थित एक अस्पतालमा निधन भएको हो । उनी ४३ वर्षका थिए । पछिल्लो समय भारतीय फिल्म र वेब सिरिजमा काम गर्न श्रीमती र छोरीसहित उनी दिल्लीमा बस्दै आएका थिए ।

सन् २००७ मा 'इन्डियन आइडल सिजन ३'को उपाधि जितेका उनले गीतसँगै केही सफल फिल्ममा अभिनय समेत गरेका छन् । सन् २०१० मा रिलिज भएको 'गोर्खा पल्टन' उनको पहिलो फिल्म थियो, जुन व्यावसायिक रुपमा सफल भएको थियो । यसपछि उनले 'अंगालो यो माया', 'परदेशी' जस्ता फिल्ममा अभिनय गरे । उनी पछिल्लो पटक फिल्म 'पहिचान'मा देखिएका थिए ।

बुबाको निधनपछि उनले परिवारको आर्थिक जिम्मेवारी बोक्न कलकत्ता पुलिसमा जवान पदमा जागिर समेत खाएका थिए । तर, लामो समयसम्म विदामा बसेको कारण देखाउँदै २०७१ सालमा भारतीय प्रहरीले उनलाई सेवाबाट बर्खास्त गरेको थियो । त्यसपछि गायन र अभिनयमा सक्रिय रहेका उनले एक सयभन्दा बढी गीतमा आवाज दिएका छन् ।

'मन साइँली', 'जाउँला रेलैमा सरर', 'सिरिमा सिरी बतासै चल्यो', 'अरे क्यानम्', 'रातो रानी', 'असारे महिनामा' जस्ता थुप्रै लोकप्रिय गीत गाएका उनी पछिल्लो समय गायनभन्दा अभिनयमा सक्रिय थिए । चर्चित भारतीय सिरिज 'पाताल लोक २'मा उनले स्नाइपरको भूमिकामा



गरेको अभिनयका निकै प्रशंसा भएको थियो । यसमा उनले डेनियल लीचूको भूमिका निभाएका थिए ।

प्रशान्तले बलिउड फिल्ममा समेत डेब्यु गरिसकेका छन् । उनले गत महिना मात्र बलिउड सुपरस्टार सलमान खानसँग फिल्म 'ब्याटल अफ गलवान'मा काम गरेका थिए । यो फिल्म आगामी १७ अप्रिलमा रिलिज हुँदैछ । तर, आफ्नो पहिलो बलिउड फिल्म हेर्न नपाउँदै उनी सधैँका लागि अस्ताएका छन् । उनको निधनले नेपाली फिल्म क्षेत्र स्तब्ध बनेको छ ।

# 'भाइरल गोर्खे'को पात्रबारे सौगात भन्छन्, 'दुरुस्तै शिव दाइ जस्तो देखिनु थिएन'

अभिनेता सौगात मल्ल आफूले पाएको भूमिकालाई जीवन्त ढंगले पर्दामा उतार्न माहिर छन् । यही कारण उनका फिल्म लगातार असफल भए पनि उनी कामविहीन हुनु परेको छैन । चरित्रमा उनले गर्ने मिहिनेत नै उनको पहिचान बनेको छ । करिअरको सुरुवातदेखि चरित्रमा विविधता पस्किँदै आएका उनी अब नयाँ फिल्म 'भाइरल गोर्खे'मा अहिलेसम्मकै भिन्न भूमिकामा देखिँदैछन् ।

यो फिल्ममा उनले टिकटकमा भाइरल पात्रको भूमिकामा अभिनय गरेका छन् । रोचक कुरा के छ भने उनी आफू चाहिँ टिकटक बनाउँदैनन् । न त टिकटक नै हेर्छन् । उनले आफ्नो मोबाइलमा टिकटक एप समेत राखेका छैनन् । टिकटकप्रति रुचि नै नभएका उनले फिल्ममा भाइरल पात्रको भूमिकामा अभिनय गर्न कसरी तयार भए ? उनी यसको कारण पटकथालाई मान्छन् ।

'यसको पटकथा नै राम्रो थियो । यो फिल्म जसलाई अफर गरेको भए पनि कसैले नाइँ भन्न सक्दैन थियो । स्क्रिप्ट त्यति राम्रोसँग लेखिएको छ,' उनी अगाडि भन्छन्, 'टिकटकको विषयमा मात्र हुन्थ्यो भने म यो फिल्म गर्दिन थिएँ होला । किनकि, म आफैंले पनि यसको प्रयोग कहिल्यै गरेको छैन । तर, यो फिल्ममा टिकटकको विषयसँगै अरु धेरै पक्ष पनि छन् ।'

फिल्मको कथामा सबै चिज रहेकाले पनि आफूलाई काम गर्न प्रेरित गरेको उनको भनाइ छ । भन्छन्, 'पात्रको संघर्ष, उसको घर-परिवार सबैलाई कथामा राम्रोसँग बुनिएको छ । यसरी हेर्दा कथामा सबै चिज त छ भन्ने लाग्यो अनि काम गर्न तयार भएँ । फिल्मले दर्शकलाई राम्रो सन्देश दिन्छ भन्ने लाग्छ ।' फिल्मले भाइरल भएका व्यक्तिप्रति व्यंग्य नगर्ने पनि उनले स्पष्ट पारे ।

'भाइरल गोर्खे'मा काम गरिसकेपछि पनि सौगातले अझै टिकटक चलाएका छैनन् । तर, उनलाई आफू फिल्ममा नआएको भए टिकटकमा आइसकेको हुने थिएँ भन्ने लाग्छ । भन्छन्, 'अहिले पनि म परासीमै हुन्थेँ र फिल्म खेल्न पाएको हुन्थिनँ भने सबैले चिनून् भनेर टिकटक बनाउन थालिसकेको हुन्थेँ होला । मैले सानैमा डान्स गर्नुको कारण पनि मलाई सबैले चिनून् भन्ने नै थियो ।'

उनले 'भाइरल गोर्खे'को 'बतासले उडाइ ल्यायो' गीतमा शिव श्रेष्ठको नृत्यको नक्कल समेत गरेका छन् । तर, धेरैले उनको नृत्य शिव श्रेष्ठको जस्तो नदेखिएको टिप्पणी गरेका छन् । उनले चाहेको पनि यही थियो । फिल्ममा आफूले निभाएको पात्र शिव श्रेष्ठको फ्यान भए पनि उसमा प्रतिभा छैन भनेर देखाउन चाहन्थे उनी । यसैले नृत्यमा आफूले खासै मिहिनेत नगरेको सौगात बताउँछन् ।

'फिल्ममा म दुरुस्तै शिव दाइ जस्तो देखिनु थिएन । मेरो पात्रले




उहाँको जस्तै नृत्य गर्न खोजेको छ तर शिव दाइको जस्तो इनर्जी छैन भन्ने नै देखिनुपर्छ भनेर मैले 'वर्कआउट' गरेको थिएँ । यसैले मैले शिव दाइको जस्तो नृत्य उतार्न खासै प्रयास नै गरिनँ । जेनतेन प्रयास गरेको छ तर उसमा प्रतिभा चाहिँ केही पनि छैन भन्ने नै देखियोस् भन्ने म चाहन्थेँ,' उनले भने ।

माघे संक्रान्तिको अवसर पारेर माघ १ गतेबाट प्रदर्शन हुन लागेको 'भाइरल गोर्खे'मा सौगातको जोडी सृष्टि श्रेष्ठसँग बाँधिएको छ । ब्रेकअपपछि उनीहरूले एकसाथ काम यो पहिलो फिल्म हो । निगम श्रेष्ठको लेखन तथा निर्देशनमा बनेको फिल्ममा सौगात र सृष्टिसहित बुद्धि तामाङ, लक्ष्मी गिरी, राजाराम पौडेल, ऋषि धमला लगायतको अभिनय रहेको छ ।

# धरानमा टाँगियो 'कुमारी'को विशाल पोस्टर, छपाइको खर्च मात्रै ८० हजार




प्रणय दिवसको छेको पारेर माघ २३ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'कुमारी'को प्रचार अभियान तीव्र भइरहँदा यसको निर्माण पक्षले लाहुरेको सहरको रुपमा चिनिने धरानको एक भवनमा विशाल पोस्टर राखेको छ । धरानस्थित फ्रेन्ड्स सिनेमा हल रहेको भवनमा ३२०० स्क्वायर फिटको पोस्टर राखिएको हो । यसलाई नेपाली फिल्मकै सबैभन्दा ठूलो पोस्टर दाबी गरिएको छ ।

फिल्मको पोस्टरले ८ तल्ले भवनको सडकपट्टिको भाग पूरै छोपिएको छ । उक्त पोस्टरको छपाइमा मात्र ८० हजार रुपैयाँ खर्च भएको बताइएको छ । धरानको व्यस्त क्षेत्रमै राखिएको पोस्टरले फिल्मप्रति दर्शकको ध्यान तानिरहेको छ । धरानमा जस्तै देशका अन्य प्रमुख सहरमा पनि सोही किसिमको पोस्टर राखिने निर्माण पक्षले जनाएको छ ।

यतिबेला फिल्मको गीत 'डोको बुन्ने' चर्चामा छ । यो गीतमाथि एक लाखभन्दा बढी टिकटक भिडियो बनेका छन् भने युट्युबमा भ्यूज १८ लाख नाघिसकेको छ । यस गीतको चर्चाबीच माघ १ देखि फिल्मको प्रचारका लागि देशव्यापी कन्सर्ट गरिँदैछ । पाँचवटा सहरमा हुने कन्सर्टमा गायक केहर सिंह लिम्बू र उनको ब्यान्ड 'केहर एन्ड द लुङ'ले प्रस्तुति दिने जनाइएको छ ।

दिनेश राउतको निर्देशनमा बनेको यस फिल्ममा अबिषेक खड्का, आकृति राजभण्डारी, घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकाङ्क्षा कार्की, मधु खड्का, सरोज लामिछाने, सकु शाह लगायतको अभिनय रहेको छ । महेन्द्र अधिकारी लगानीकर्ता रहेको फिल्ममा विकास सुवेदीको लेखन, सुप्रिम पराजुलीको सम्पादन तथा उत्तम न्यौपानेको साउन्ड डिजाइन छ ।

# यमले 'मिरमिरे' बनाउन किन हतार गरे ?

निर्देशक यम शेर्पाको पहिलो फिल्म 'कार्साङ' गत वर्षको पुषमा प्रदर्शन भएको थियो । यो फिल्मले बक्स अफिसमा अपेक्षित व्यापार गर्न नसके पनि उनले लगत्तै अर्को फिल्म 'मिरमिरे'को निर्माण घोषणा गरे, जुन माघ १ गतेबाट प्रदर्शनमा आउँदैछ । यसमा यमले 'कार्साङ'कै जोडी दयाहाङ राई र सिर्जना निङलेखुलाई दोहोऱ्याएका छन् भने प्रकाश सपूतको पनि मुख्य भूमिका छ ।

यो फिल्ममा सबैभन्दा पहिला दयाहाङ अनुबन्ध भएका थिए । तर, फिल्मबाट प्रस्ताव आउँदा उनले केही समयपछि मात्र छायांकन गर्न निर्देशकलाई अनुरोध गरेका थिए । तर, यमले नै हतार गरेपछि बर्खायाममा फिल्मको छायांकन गरिएको थियो । यसै साता आयोजित ट्रेलर सार्वजनिक कार्यक्रममा 'मिरमिरे' बनाउन हतार गर्नुको



कारणबारे प्रश्न उठेको थियो ।

यसबारे यमले प्रस्ट पार्दै भनेका छन्, 'यो रमाइलो कथा थियो । र, यसलाई पर्दामा उतार्न म एकदमै आतुर थिएँ । मैले धैर्य गर्नै सकिनँ । यसैले दया दाईलाई पनि यो कथा चाहिँ भनिहाल्नु पर्छ भनेर झक्झकाइरहेको थिएँ । विश्वमा यतिधेरै फिल्म बन्छन्, कुनै न कुनैमा यो कथा मिल्न गयो भने कपी गरेको आरोप लाग्छ भनेर पनि म आफैंले फिल्म बनाउन हतार गरेको हुँ ।'

दयाहाङले पनि फिल्मको कथा मन परेकाले व्यस्तताका बाबजुद समय निकालेर काम गरेको बताए । उनले भने, 'मलाई यमले कथा सुनाउँदा रोचक लागेको थियो । तर, मैले अलि पछि छायांकन गरुँ भनेको थिएँ । किनभने, मेरो आफ्नै कार्यव्यस्ता थियो । तर, एउटा निर्देशकको कथा भन्ने सपना पूरा गर्नुपर्छ भनेर बर्खायाममा छोटो समय निकालेर फिल्ममा काम गरेको थिएँ ।'

बाबु-छोरीको भावनात्मक सम्बन्ध र त्रिकोणात्मक प्रेमकथामा आधारित 'मिरमिरे'मा दयाहाङ, प्रकाश र सिर्जनासहित माओत्से गुरुङ, छुल्टिम गुरुङ, भोलाराज सापकोटा, शाइसा गौचन लगायतको पनि अभिनय रहेको छ । यार्सा फिल्म्सको ब्यानरमा निर्माण भएको फिल्ममा निमु शेर्पा, छोङ्बा लामा शेर्पा र आङ्छिरिङ शेर्पा निर्माताको रूपमा छन् ।

# ओटीटी प्लेटफर्म 'युएनए डिजिटल'को शुभारम्भ, ६ करोड लगानी

कोरोना महामारीपछि विश्वमै ओटीटी प्लेटफर्म (ओभर द टप)प्रति दर्शकको आकर्षण बढेको छ । जसले गर्दा ठूलो लगानीमा नयाँ ओटीटी प्लेटफर्महरूको उदय पनि व्यापक रूपमा भइरहेको छ । नेपालमा मात्र अहिले एक दर्जन हाराहारी ओटीटी प्लेटफर्महरू सञ्चालनमा छन् । अब अर्को ओटीटी पनि थपिने भएको छ । त्यो हो, 'युएनए डिजिटल' ।

लामो समयदेखि जापानमा नेपाली फिल्म वितरण गर्दै आएका उज्वल गुरागाईंको समूहले उक्त ओटीटी सञ्चालनमा ल्याउन लागेको हो । शनिबार काठमाडौंमा एक कार्यक्रमका बीच सञ्चार तथा सूचना प्रविधि मन्त्री तथा नेपाल सरकारका प्रवक्ता जगदीश खरेल र चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले संयुक्त रूपमा ओटीटीको शुभारम्भ गरे ।

युएनए डिजिटलका सीइओ गुरागाईंका अनुसार दर्शकले माघ १८ गते (१ फेब्रुअरी)देखि ओटीटीमा फिल्म, शो र कम्पनी आफैं बनाएका ओरिजिनल सिरिज हेर्न पाउनेछन् । एप्पलको आइओएस र गुगल प्ले स्टोरसहित ब्राउजर र टिभी संस्करणमा उपलब्ध हुने ओटीटीको सब्सक्राइब शुल्कबारे केही दिनमा जानकारी गराइने उनले बताए ।

कन्टेन्टमाथि ६ करोड रुपैयाँ लगानीसहित सञ्चालनमा आउन लागेको यस ओटीटीमा अभिनेता सलोन बस्नेतको फिल्म 'रुम नम्बर १०८'देखि 'सम्बन्ध तिम्रो मेरो', 'क्राइम इन स्टोरी', 'काठमाडौं नाइट', 'चोइज' जस्ता सिरिजहरू रिलिज हुने जनाइएको छ । नेपाल र विदेशका लागि अलग-अलग 'ओटीटी विन्डो'सहित क्रमशः कन्टेन्ट ल्याउने योजनामा युएनए डिजिटल छ ।

कार्यक्रममा सञ्चारमन्त्री खरेलले बदलिँदो प्राविधिक आयाम र दर्शकको रूचिलाई 'युएनए डिजिटल' ओटीटीले पूरा गर्न सक्नुपर्ने बताए । उनले भने, 'नेपालका फिल्म तथा वेब सिरिजलाई विश्वभर पुऱ्याउन यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ भन्ने मलाई लागेको छ । हाम्रा दर्शकले खोजेको मुख्य कुरा कन्टेन छ । राम्रो कन्टेन दिन सकेको खण्डमा यो प्लेटफर्म राम्रो चल्छ ।'

# भारतका हलमा पनि 'ऊनको स्वीटर'ले पूरा गऱ्यो ५१ दिन

यस वर्षको पहिलो सुपरहिट फिल्म 'ऊनको स्वीटर'ले नेपालमा ११ करोडमाथिको व्यापार गर्दै ४० भन्दा बढी हलमा प्रदर्शनको ५१ दिन पूरा गरेको थियो । सोही उपलब्धि फिल्मले भारतमा पनि हासिल गरेको छ । गत मंसिर ५ गतेदेखि भारतमा प्रदर्शन सुरु गरेको फिल्मले शनिवार ६ वटा हलमा ५१ दिन मनाएको हो । भारतभर ४० वटा हलमा फिल्म रिलिज भएको थियो ।

चण्डिगढको पिभिआर सेन्ट्रल, लुधियानाको पिभिआर एभोन सिटी मल, सिलिगुडीका आईएनओएक्स सिटी सेन्टर र भेगा सर्कल मल, सिक्किमको आईएनओएक्स वेस्ट पोइन्ट मल तथा लखनउको पिभिआर सहरगन्ज मलमा ५१ दिनसम्म लगातार फिल्म प्रदर्शन भएको निर्देशक नवीन चौहानले जानकारी दिए । उनले यसलाई नेपाली फिल्म क्षेत्रकै ठूलो उपलब्धि मानेका छन् ।

गान्तोकबाट सुरु भएको फिल्मको प्रदर्शन यात्राले नाम्ची, दार्जिलिङ, कालिम्पोङ, कर्स्याङ र सिलिगुडीसहित पूर्वोत्तर भारतमा बलियो पकड बनाएको थियो । यी क्षेत्रका हलमा फिल्मका प्रारम्भिक शोहरू हाउसफुल भएका थिए । निर्देशक चौहानका अनुसार मुम्बई, बैंगलोर, हैदराबाद जस्ता भारतका ठूला सहरमा पनि फिल्मले दर्शकको राम्रो साथ पाएको थियो ।

अन्तरजातीय प्रेमकथामा आधारित यस फिल्ममा विपिन कार्की, मिरूना मगर, एलेक्स पारस, परीक्षा लिम्बू, सुनिल पोखरेल लगायतको अभिनय रहेको छ । फिल्ममा समावेश 'फूल', 'चाइनेजो जिन्दगानीमा', 'काफ्ले' र 'मखमली' गीत दर्शकमाझ निकै लोकप्रिय छन् । यिनै गीतका कारण पनि नेपालमा फिल्मले उत्साहजनक व्यापार गरेको थियो ।

का.जि.प्र.का.द.नं.३५२/०६४-०६५ गो.हु.का. द.न. १/०७७/०७८

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष -१८, अंक- २४,
२०८२ साल पुस २९ गते मंगलबार
13 JANURY 2026, TUESDAY

# नेपाली एसेम्बल उद्योगीहरु स्थानीय उत्पादन प्रयोग गर्ने तयारीमा, दिगो नीति खोज्दै व्यवसायी

काठमाडौं- नेपाली एसेम्बल उद्योगीहरुले आउने केही महिनामा १० देखि १५ प्रतिशत स्थानीय उत्पादन (लोकल प्रोडक्ट) प्रयोग गर्ने योजना बनाएका छन् ।

उद्योगीहरुले लामो समयसम्म आफ्नो उद्योगलाई स्थानीयकरण गर्न नेपालमा उत्पादन भएका पाट्र्सहरु प्रयोगमा जोड दिएका थिएनन् । त्यसरी 'भ्यालु एड' नगरी सरकारले दिएको सहुलियत मात्रै लिएको भन्दै आलोचना आएपछि एसेम्बल उद्योगीहरुले ' लोकल पाट्र्स'हरु प्रयोग गर्न जोड दिन थालेका हुन् ।



सरकारले उद्योग दर्ता गर्दा १० प्रतिशत भ्यालु एड हुनुपर्ने, ५ वर्षमा ३० प्रतिशत भ्यालु एड गरेको हुनुपर्ने, पहिलो वर्ष ५० जना स्वदेशी र पाँचौं वर्षमा २०० जनालाई रोजगारी दिनुपर्ने सर्त राखिएको थियो । अहिले नेपालमा लगभग ७ वर्ष पुगेका एसेम्बल उद्योगहरु पनि छन् । जसले कुनैपनि लोकल पाट्र्सहरु प्रयोगमा ल्याउन सकेका छैनन् । सरकारको दुईवटा निकाय उद्योग विभाग र वाणिज्य विभागले यसबारेमा अनुगमन गर्ने तयारी थालेका छन् । वाणिज्य विभागले केही समय अगाडि एसेम्बल उद्योगहरुसँग प्रोफिट मार्जिन हेर्ने भन्दै सबै विवरण माग गरेको थियो ।

बजाजको नेपालका लागि आधिकारिक बिक्रेता हंसराज एण्ड हुलासचन्दका प्रबन्ध निर्देशक शेखर गोल्छा आफूहरु नेपालमा उत्पादन भएका लोकल पाट्र्सहरु छिट्टै प्रयोगमा ल्याउने योजनामा रहेको बताउँछन् । तर, सहुलियतका सर्तमा सकारात्मक उद्योगीलाई सरकारले पर्याप्त समय दिएर सहयोग गर्नुपर्नेमा उनको जोड छ ।

'हामी एसेम्बल उद्योग लगाएर सस्टेन गर्न सकिने अवस्थामा उभिन खोज्दैछौं । सरकारले दिएको सहुलियत लङटर्मसम्मलाई हुनुपर्छ,' गोल्छाले भने, 'हामीले आगामी ६ महिना, वर्षदिनसम्ममा १० देखि १५ प्रतिशतसम्म लोकल प्रोडक्ट प्रयोगमा ल्याउने योजना अनुसार तयारी गरिरहेका छौं । विगतका ४/५ वर्षहरुमा पहिला कोभिड १९ महामारी तथा पछि आर्थिक मन्दीका कारण यसमा हामीले काम गर्न सकेनौं । जसले गर्दा समय लागेको हो । तर अहिले हामी यही काममा लागि रहेका छौं,' उनले भने ।

गोल्छाका अनुसार स्थानीय उत्पादन प्रयोगमा ल्याउन सबै ' इको सिस्टम' तयार पार्नुपर्ने हुन्छ । त्यस्तै, लगानी पनि ठूलो आवश्यक छ । नेपालमा भएका कम्पनीहरुले गुणस्तरमा ग्लोबल स्ट्यान्डर्ड दिन सक्ने एसुरेन्स चाहिन्छ । नेपाल सरकारले आफ्नै भएको एउटा स्ट् यान्डर्ड पनि तय गर्न सकिरहेको अवस्था छैन । 'हामीले उत्पादक कम्पनीसँग पनि प्रयोग गर्न सकिने सम्भावित पाट्र्सहरुका लागि स्वीकृति मागेका छौं,' गोल्छाले भने । नेपालमा पनि केही पाट्र्सका उद्योगहरु स्थापना भइसकेकाले उत्पादक कम्पनीले स्वीकृति दिएको पाट्र्सहरु प्रयोगमा ल्याउन गुणस्तरको कुरामा 'एसुरेन्स' दिनुपर्छ । त्यसपछि मात्रै उक्त स्थानीय उत्पादनहरु प्रयोगमा ल्याउन सकिन्छ । जसरी पछिल्लो समय सवारीसाधनको एसेम्बलिङ उद्योग खुल्ने क्रमले तीव्रता पाएको छ, यस्ता उद्योगले सवारीसाधनमा प्रयोग हुने 'कम्पोनेन्ट' स्वदशमै उत्पादन गर्न हामी कत्तिको सक्षम छौं भन्ने कुरामा पनि ध्यान जानु पर्ने सरोकारवाला बताउँछन् ।

उत्पादक कम्पनीले सिफारिस गरेको ब्रान्डको पाट्र्स उत्पादन गर्न नेपालमै फ्याक्ट्री खोल्न पनि आग्रह गरिएको छ । त्यसका लागि निकै लामो समयदेखि अध्ययन भइरहेको गोल्छा बताउँछन् ।

यसमा सरकार र नेपालमा भएका सबै एसेम्बल उद्योगहरुले सपोर्ट गर्नुपर्ने उनको धारणा छ । 'ब्रान्ड अनुसार फरकफरक पाट्र्सहरु प्रयोग हुने भएकाले पनि समस्या हुन्छ । तर सामान्य रुपमा सबै ब्रान्डहरुमा प्रयोग हुने पाट्र्सहरुको लागि भने प्लान्ट सेटअप गर्ने कोसिस गरिएको छ,' गोल्छा बताउँछन् ।

पछिल्लो समयमा सरकारले सहुलियतहरु घटाउँदै लगिरेहको अवस्थामा 'लङटर्म भिजन' राखेर काम गर्न गाह्रो भइरहेको उनको भनाइ छ । सरकारले अन्तः शुल्कमा दिएको ४० प्रतिशत छुट बढाउने हो भनेदेखि मोटरसाइकलमा १० देखि १५ प्रतिशत मूल्य बढ्ने उनले बताए ।

अहिले ग्राहकहरुले सस्तोमा मोटरसाइकल पाइरहेकोले सरकारले सहुलियत दिएर पनि मूल्य घटेन भन्न नमिल्ने उनको तर्क छ । सबै मूल्य समायोजन भएर बजारमा गएको उनको दाबी छ । 'यसको लगानी फेरि ठुलो छ । जुन कुरामा अहिले नेपालको अवस्था हेर्ने हो भने लगानी ल्याउन सक्ने पोसिबिलिटी निकै कम छ । लगानीको सेक्युरिटी र एसुरेन्स सरकारले गरिदिन सक्दैन,' गोल्छाले भने,'त्यसैले अहिले तत्कालका लागि नेपालमा उत्पादन भएका केही कम्पोनेन्टहरु प्रयोगमा ल्याउन सकिन्छ ।'

हुन्डाईले पनि नेपालमा एसेम्बल प्लान्ट लगाएर गाडीहरु एसेम्बल गर्दै आइरहेको छ । कम्पनीले आगामी केही महिनाभित्रै नेपालमा उत्पादन भएको टायर र ब्याट्री प्रयोगमा ल्याउने योजना बनाएको छ । हुन्डाई गाडीको आधिकारिक बिक्रेता लक्ष्मी इन्टरकन्टिनेन्टलका जनरल म्यानेजर दिपक थपलिया आगामी केही महिनामा नै आफूहरु नेपाली उत्पादन गरिएका टायर र ब्याट्री प्रयोग गर्ने योजनामा रहेको बताउँछन् ।

'हामीहरु एसेम्बल उद्योगमा ल्याएर मात्रै जडान गर्ने नभइ नेपालमा उत्पादन गरिका अन्तराष्ट्रिय स्ट्यान्डर्ड मिट गर्ने पाट्र्स प्रयोग गर्दै जाने योजनामा पनि छौं,' थपलियाले भने, 'उत्पादक कम्पनीले नेपालमा उत्पादन भएको प्रोडक्टलाई उनीहरुको गाडीमा प्रयोग गर्न दिन एप्रुभल दिनुपऱ्यो ।'

थपलियाका अनुसार हुन्डाई नेपालले कुन कुन कुराहरु प्रयोगमा ल्याउन सकिन्छ भनेर छनोट गरिसकेको छ । यसमा ब्याट्री, टायर, इनर प्लास्टिङ कोटिङ, सिट फ्याब्रिकेटर, कुसन, सिट फ्रेम र रेल्स वेल्डिङ, मेटलमा साइलेन्सरको टेलगेट पाइप, मेटल फोर्मिङ, वेल्डिङ ट्युब फोर्मिङ र वेल्डिङ शप, बम्परहरु, हेड लाइनिङ, अटोमेटिभमा प्रयोग हुने कार्पेट र फ्लोर म्याट जस्ता लोकल कुराहरु प्रयोगमा ल्याउन सकिन्छ ।

तत्काल प्रयोगमा ल्याउनको लागि टायर र ब्याट्री प्रयोग गर्न सक्ने सम्भावना देखिएको हो । ब्याट्री अहिले नेपालमा उत्पादन हुन थालेको छ । तर, उत्पादक कम्पनीले तय गरेको 'स्ट्यान्डर्ड' भने पूरा गर्नुपर्छ । नेपालमा आधा दर्जनभन्दा धेरै एसेम्बल उद्योगहरु स्थापना भएर अहिले संचालनमा आएका छन् । जसमा ब्याट्रीदेखि लुब्रिकेन्ट्ससम्मका छन् । विभिन्न लेगगार्डहरु पनि अहिले नेपालमै उत्पादन हुन्छ । नेपालमा ब्याट्री एसटीसी राइड तथा इनर्जी र स्वदेशी लुब्रिकेन्ट ब्रान्ड नेपाल गोल्ड, पिएलओ, गल्फ र भिडोल तथा टायर पनि उत्पादन हुने गरेका छन् ।

सरकारले अहिलेसम्म एसेम्बल उद्योगहरुलाई नियमन गर्न कुनै पनि मापदण्डहरु बनाएको छैन । नियमनको दिगो नीति नहुँदा अहिले स्थानीयस्तरमै उत्पादन र बिक्री गर्न सकिने पार्टसहरुको निर्माण र गुणस्तर परीक्षण हुन गाह्रो भइरहेको छ ।

# भारतीय दुई पाङ्गे इभी बजारमा ओलालाई लाग्यो धक्का

काठमाडौं । भारतको दुई पाङ्गे इभी बजारमा सन् २०२५ मा उल्लेखनीय परिवर्तन भएको छ । एफएडीए (फेडरेसन अफ अटोमोबाइल डिलर्स एसोसिएसन) का अनुसार एक समय बजारको लिडर बनेको ओला इलेक्ट्रिकलाई ठूलो धक्का लागेको छ ।

ओलाको व्यापार ५१.११ प्रतिशतले घटेको छ । सन् २०२४ मा ४ लाख ७ हजार ४०० युनिट बिक्री भएको ओला इभीको व्यापार २०२५ मा १ लाख ९९ हजार ३१८ युनिटमा सीमित भएको छ ।

ओला स्कुटर नेपाली बजारमा भित्र्याउने तयारी भइरहेका बेला भारतीय बजारमा खस्किएको व्यापार असर पर्न सक्ने विश्लेषण गरिएको छ ।

भारतमा दुई पाङ्गे इभीको व्यापार भने बढेको छ । २०२४ मा ११ लाख ४९ हजार ४१६ युनिट दुई पाङ्गे इभी बिक्री भएकामा त्यो संख्या २०२५ मा १२ लाख ७९ हजार ९५१ युनिट पुगेको छ । भारतीय दुई पाङ्गे इभी बजारमा ओलालाई पछि पार्दै टीभीएस, बजाज र एथर अगाडि लागेका छन् । टीभीएसले पहिलो स्थान लिएको छ ।

टीभीएस मोटर कम्पनीले दुई पाङ्गे इभीको व्यापार ३५.३५ प्रतिशतले बढाएको छ । कम्पनीले २०२५ मा २ लाख ९८ हजार ८८१ युनिट बिक्री गरेको छ । कम्पनीले २०२४ मा २ लाख २० हजार ८१९ युनिट बिक्री गरेको



थियो । कम्पनीले आईक्युब र अर्बिटर इलेक्ट्रिक स्कुटर बिक्री गर्छ । आईक्युब इलेक्ट्रिक स्कुटर नेपाली बजारमा पनि बिक्री भइरहेको छ ।

बजाज अटो आफ्नो व्यापार ३९.३४ प्रतिशतले बढाउँदै दोस्रो स्थानमा पुगेको छ । कम्पनीले २०२५ मा २ लाख ६९ हजार ८४७ युनिट दुई पाङ्गे इभी बिक्री गरेको छ । यो संख्या २०२४ मा १ लाख ९३ हजार ६६३ युनिट थियो । बजाज अटोको चेतक स्कुटर नेपाली बजारमा पनि बिक्री भइरहेको छ । एथर इनर्जीले व्यापार ५८.१ प्रतिशत वृद्धि गरेको छ । एथरले २०२५ मा २ लाख ७९७ युनिट बिक्री गरेर तेस्रो स्थानमा छ । कम्पनीले २०२४ मा १ लाख २६ हजार युनिट बिक्री गरेको थियो । हिरो मोटरकर्पको व्यापार १४९.७४ प्रतिशतले बढेको छ । यो कम्पनीले २०२४ मा ४३ हजार ७१२ युनिट इलेक्ट्रिक स्कुटर बिक्री गरेकामा यो संख्या २०२५ मा १ लाख ९ हजार १६८ युनिट पुगेको छ । कम्पनीले बजारमा भिडा सिरिजका इलेक्ट्रिक स्कुटर बिक्री गर्दै आएको छ । यो स्कुटर नेपाली बजारमा भने भित्रिएको छैन ।

# एसेम्बल उद्योगमा वाणिज्य विभागपछि उद्योग विभागको आाखा

काठमाडौं- एसेम्बल उद्योगले दर्ता हुँदाका सर्त पूरा गरे/नगरेको विषयमा उद्योग विभागले अनुगमन गर्ने भएको छ ।

सरकारले दिएको सहुलियत ग्राहकलाई उपलब्ध नगराएको भन्दै एसेम्बल उद्योगसँग वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले विवरण मागेकामा अब उद्योग विभागले पनि अनुगमन गर्ने भएको हो । उद्योग विभागका एक निर्देशकले दर्ता गर्दा राखिएका सर्त एसेम्बल उद्योगले पालना गरे/नगरेको बारेमा अनुगमन गर्न आवश्यक देखिएको बताए ।

उद्योग गर्दा गर्दा १० प्रतिशत भ्यालु एड हुनुपर्ने, ५ वर्षमा ३० प्रतिशत भ्यालु एड गरेको हुनुपर्ने, पहिलो वर्ष ५० जना स्वदेशी र पाँचौं वर्षमा २०० जनालाई रोजगारी दिनुपर्ने सर्त राखिएको थियो । सहुलियत दिएको एसेम्बल उद्योगमै छैन सरकारी नियमन, निर्देशिका निर्माण न मापदण्ड कार्यान्वयन

त्यस्तै उद्योग सुरु गरेको ५ वर्षमा कम्तिमा १० प्रतिशत कच्चा पदार्थ स्वदेशी नै प्रयोग गर्नुपर्ने भनिएको छ । एसेम्बल उद्योगले वातावरणमैत्री र यातायात सम्बन्धी कानुन पनि पालना गर्नुपर्छ ।

विभागले यी सर्तलाई आधार मानेर एसेम्बल उद्योगको अनुगमन गर्न लागेको हो ।

'हामीले अहिलेसम्म एसेम्बल उद्योगलाई केही भनेका छैनौं । एसेम्बल उद्योग ८/१० वटा पुगिसकेकाले अनुगमन गर्न लागिएको हो,' ती निर्देशकले भने, 'हामीले सर्त कति पालना गरियो भन्ने मात्रै हेर्दैनौं, सर्त किन पूरा गरिएन भन्ने जवाफ पनि माग्छौं ।'

# नाडामा निर्विरोध भइसकेको नयाँ टिमलाई लाग्यो धक्का, भोलिको निर्वाचन कार्यक्रम स्थगित

काठमाडौं । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाललाई नयाँ कार्यसमिति चयनको प्रक्रिया अगाडि नबढाउन आदेश दिएको छ ।

न्यायाधीश टंकप्रसाद गुरुङ र तेजेन्द्रप्रसाद शर्मा सापकोटाको इजलासले नयाँ नेतृत्व चयनका लागि शुक्रबारका लागि तय कार्यक्रम यथास्थितिमा राख्न बिहीबार आदेश दिएको छ । अदालतले नाडासँग पुस ९ गतेको साधारण सभामा अपनाइएका प्रक्रियासँग सम्बन्धित सबै कागजात मागेको छ ।

'संस्थाको मिति २०८२।९।९ को साधारण सभा उत्प्रेषणको आदेशले बदर गरी पाउँ भन्ने समेत निवेदनमा उल्लेख भएको देखिएबाट परिस्थितिमा आधारभूत परिवर्तन भइसकेको सन्दर्भमा मिति २०८२।९।२५ गते सम्पन्न गर्ने भनी सो पत्रमा उल्लेख भएका थप कार्यक्रम तत्काल सम्पन्न नगरी यथास्थितिमा राखी मिति २०८२।९।९ मा सुरु भएको साधारण सभा, निर्वाचनको प्रकृयामा अपनाइएका सम्पूर्ण कागजातसहितको फाइल झिकाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि उत्प्रेषणको रिटसमेत साथै राखी नियमानुसार पेस गर्नू,' अदालतले भनेको छ ।

नाडाले पुस ९ गते साधारण सभा गरी १० गते निर्वाचन तालिका सार्वजनिक गरेको थियो । तालिका अनुसार १७ गते उम्मेदवारी दर्ताको तालिका थियो । त्यसदिन २५ सदस्यीय कार्यसमितिका लागि २५ जनाले नै उम्मेदवारी दर्ता गराएका थिए ।

अध्यक्षमा निवर्तमान महासचिव सुरेन्द्र उप्रेतीको मात्र उम्मेदवारी परेको थियो । अरु पदाधिकारी र सदस्य पनि निर्विरोध भएका थिए । नाडाले निर्विरोध भएको नयाँ कार्यसमितिलाई शुक्रबारको निर्वाचनबाट निर्वाचित भएको घोषणा गर्ने तालिका थियो ।

निर्वाचन तालिकाविनाको पुस ९ गतेको साधारण सभा रोक्न माग गर्दै नाडा कार्यसमितिका तत्कालीन सदस्य आकाश गोल्छा पुस ६ गते अदालत गएका थिए ।

गोल्छाको रिट निवेदनमा उच्च अदालतले साधारण सभा र निर्वाचन प्रक्रियामा अपनाइएका कागजात मागेको हो । गोल्छाले निवर्तमान नेतृत्वले अगाडि बढाएको प्रक्रिया नै त्रुटीपूर्ण भएकाले अदालतले निर्वाचन प्रक्रिया यथास्थितिमा राख्न आदेश दिएको बताए ।

अदालतले फाइल झिकाउनका लागि अवधि तोकेको छैन । यस्तै सुनुवाईको अर्को मिति पनि तोकिएको छैन । जसका कारण नाडामा नयाँ नेतृत्व चयन प्रक्रिया अनिश्चित बनेको छ ।

पुस १७ गते आफ्नो मात्रै उम्मेदवारी परेका कारण निर्विरोध भए पनि निर्वाचनबाट विजयी भएको घोषणा नहुँदै उप्रेतीले अध्यक्षका रुपमा कार्यसमितिको बैठक डाकेको खुलेको छ ।

भाषा र संस्कृतिको संरक्षण तथा प्रवर्धन गरौं ।

- मौलिक संस्कतिको रक्षा गरौं ।
- राष्ट्रिय पोशाक तथा मौलिक संस्कृति प्रति गौरव गरौं ।
- मातृभाषाको सम्मान गरौं ।
- परम्परागत कला, संगीत, नृत्य र खानेकुराको संरक्षण तथा प्रवर्धन गरौं ।
- महत्वपूर्ण सभा, समारोह, विवाह, पर्व तथा उत्सवमा राष्ट्रिय पो शाकलाई प्राथमिकता दिऔं ।
- सांस्कृतिक धरोहर, गुठी, मठ, मन्दिर तथा ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धन गरौं ।
- सन्ततिलाई मौलिक संस्कृति, रीतिरिवाज तथा परम्पराको जानकारी गराऔं ।
- आधुनिकता र प्रविधिसागै आफ नो मौलिक परम्परा जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादकः मोहन कार्की (९८५१०८७१५६), सम्पादकः ईन्दिरा धमला, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana .news2065@gmail .com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस, बागबजार